# न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)
# दशौ वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन
# (आ.व.२०७७/७८)


**प्रस्तुतकर्ताः**
**अधिवक्ता रुकमणी महर्जन**
**महासचिव**


३ असोज, २०७८ (१९सेप्टेम्बर, २०२०)

## १. पृष्ठभूमि

आ.व. २०७७/७८ मा न्याय तथा अधिकार संस्था–नेपाल (जुरी-नेपाल)द्धारा सम्पन्न गतिविधि, सम्पादित काम, त्यसको प्रभाव र वर्तमान अवस्था तथा संस्थाको भावी कार्यकमसहित वार्षिक कार्यप्रगति प्रतिवेदन यस संस्थाको दशौ बार्षिक साधारण सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

२०६८/५/२० मा स्थापित जुरी–नेपालले बिभिन्न आरोह अवरोहका बावजुद स्थापनाको करिब दश वर्षको अवधि सफलतापूर्वक सम्पन्न गरेको छ । विश्वव्यापी समस्याको रुपमा रहेको कोभिड-१९ र त्यसको प्रतिकुल प्रभावका कारण भौतिकरुपमा उपस्थित हुने अवधिमा चुनौतिका बावजुद यस आ.व.मा कार्यकारी समितिको पाँचवटा बैठकहरु सम्पन्न भएका छन । साथै सस्थामा दैनिक गतिविधिहरुको संयोजनकारी भूमिका निर्वाह गर्न संस्थाको कार्यकारी समितिको बैठकको निर्णयानुसार कार्यकारी निर्देशकको संयोजनमा गठन भएको व्यवस्थापन समितिका नौं वटा बैठक सम्पन्न भई विभिन्न महत्वपूर्ण विषयमा निर्णयहरु भएका छन् ।   आजको साधारण सभाबाट संस्थाको विधानबमोजिम आगामी दुई वर्षका लागि नयाँ कार्यकारी समीति चयन र यस आ.व. २०७७/०७८ मा सम्पन्न भएका गतिविधिहरुको समीक्षा गर्दै आगामी दिनहरुका लागि संस्थालाई कसरी अघि बढाउन सकिन्छ भन्ने विषयमा सदस्यज्यूहरुबाट रणनीतिक सुझाव प्राप्त हुनेछ तथा उक्त सल्लाह सुझावका आधारमा संस्थाले अझ माथिल्लोस्तरको उचाई हाँसिल गर्नेछ भन्ने कुरामा म पुर्णतः विश्वस्त छु ।

बिभिन्न कठिनाईहरुका बावजुद यस आर्थिक बर्षमा जुरी-नेपालले आफुलाई थप संस्थागत गर्दै यसको विधानले लिएको उद्देश्य र लक्ष्य हाँसिल गर्नको लागि उल्लेख्य प्रयासहरु गरेको छ । यस अवधिमा जुरी-नेपालको नेपाल सरकारका बिभिन्न तह, संघीय संसद, प्रदेश सभासमेतसंग रणनीतिक सम्बन्ध स्थापित हुँदै गएको छ । त्यसै गरी विभिन्न दातृ निकाय तथा संघसस्थाहरुसँगको सहयोग, सहकार्य र साझेदारी बढ्दै गएको छ । जसका कारण सस्थाले लक्षित गरेका लाभान्वित वर्ग तथा समूदाय (विशेष गरी महिला, दलित, आदीवासी जनजाती तथा अन्य जोखिममा रहेका समूदाय) को श्रोतमाथिको पहुँच र न्यायमा पहुँचका साथै क्षमता विकास भएको छ । संस्थाको विधान र रणनीतिक योजना बमोजिम बिभिन्न नीतिहरु र आन्तरिक कार्यविधि समेत तयार भई कार्यान्वयनमा आएका छन भने संस्था मुलुकको नागरिक समाजको एउटा अभिन्न र महत्वपुर्ण अङ्गको रुपमा स्थापित भईसकेको छ । त्यसको निम्ति संस्थाका समस्त संस्थापक, आजिवन तथा सम्पूर्ण सदस्यज्यूहरु तथा सल्लाहकारज्यूहरुको सल्लाह, सहयोग एवं संस्थाका सबै कर्मचारी मित्रहरुको महत्वपूर्ण सहयोगले मात्र यस प्रकारको उपलब्धि हाँसिल सम्भव भएको हो । जुरी-नेपालको यस अवधिमा संस्थागत विकासका लागि भएका प्रयासहरु, संस्थाद्वारा सञ्चालित परियोजनामार्फत सम्पन्न विभिन्न गतिविधिहरु र उक्त गतिविधिहरुका कारण प्राप्त उपलब्धिसहितको प्रतिवेदन यस दशौ साधारण सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## २. दैनिक कार्यालय सञ्चालन तथा व्यवस्थापन

दैनिक कार्यालय सञ्चालन तथा व्यवस्थापन अन्तर्गत कार्यसमितिले आवश्यकता अनुसार बैठकहरु बसी बिभिन्न निर्णयहरु गर्ने गरेको छ । यस अवधिमा कार्य समितिबाट चारवटा बैठकहरुमार्फत बिभिन्न निर्णयहरु भएका छन् ।

जुरी- नेपालले यसको विधान र ५ बर्षीय राणनीतिक योजना बमोजिमको उद्देश्य हाँसिल गर्नको लागि आफ्ना मुख्य गतिविधिहरु सञ्चालन गर्नुकासाथै विभिन्न सहयोगी संस्थाहरुसंग साझेदारी गर्दै परियोजनाहरु सञ्चालन गर्दै आएको छ । यस आर्थिक बर्षमा जुरी- नेपालले ३ वटा परियोजना सम्झौता र कार्यान्वयन गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धनका लागि IM

Swedish Development Partner को सहयोगमा मानवीय मर्यादा प्रवर्द्धन परियोजना (दोश्रो चरण) लागु भएको छ । त्यसैगरी मानव अधिकार प्रवर्द्धनका लागि प्रभावकारी मानव अधिकार संस्थाहरु सम्वन्धी परियोजना (Effective NHRIs for Advancing Human Rights (ENAHR) Project) Open Society Policy Center (OSPC) को सहयोगमा संझौता भई लागु भएको छ भने क्षमता अभिवृद्धि तथा समावेशी सुशासन प्रवर्द्धनसम्वन्धी परियोजना UN Women संगको सहयोगमा सञ्चालनमा रहेको छ ।

परियोजनाहरुको पहिचान तथा सञ्चालनमा कार्यकारी समितिको महत्वपूर्ण भूमिका र योगदान रहँदै आएको छ । विभिन्न परियोजना तथा दैनिक गतिविधि सञ्चालन र अनुगमनका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा गठित कार्यक्रम व्यवस्थापन समिति तथा संस्थामा सञ्चालित विभिन्न परियोजनाका संयोजक तथा सम्पूर्ण कर्मचारी मित्रहरुको सहयोगले जुरी नेपालद्वारा लक्षित अधिकाँश गतिविधिहरु तोकिएको समयमै सम्पन्न भएका छन् । विश्वव्यापी महामारीको रुपमा देखापरेको कोभिडका कारण लामो समय भौतिकरुपमा कार्यक्रम गर्न सम्भव नभएको अवस्थामा संस्थामा संञ्चालित लक्षित कार्यक्रम र त्यसबाट लक्षित समूदायसम्म पुग्नका लागि जुम प्रविधिको प्रयोगलाई आत्मसात गरी सो प्रविधिमार्फत लक्षित कार्यहरु सम्पन्न भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

यस प्रतिवेदनमा संस्थागत विकासअर्न्तगत सम्पन्न गतिविधि र पाँच वर्षे रणनीतिअर्न्तगतका विभिन्न चारवटा रणनैतिक क्षेत्रमा केन्द्रित संस्थागत तथा परियोजनागत गतिविधिहरु समावेश छन् । संस्थागत तथा कुनै परियोजना विशेषको थप गतिविधिको विषयमा अध्ययन गर्न इच्छुक सदस्य महानुभावज्यूहरुले सम्वन्धित गतिविधि तथा परियोजनाको प्रतिवेदनसमेत प्राप्त गर्न सकिने व्यहोरासमेत अवगत गराउन चाहन्छु । यस प्रतिवेदनमा कुनै कार्यक्रम, विषय तथा विवरण छुट वा त्रुटी हुन गएमा यहाँहरुबाट प्राप्त सुझावका आधारमा परिमार्जन गरी अन्तिम रुप दिने व्यहोरा पनि अनुरोध गर्दछु ।

## ३. संस्थागत विकास अर्न्तगतका गतिविधिहरु

यस अवधिमा संस्थाले बिभिन्न नीतिहरु पारित गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी सस्थालाई जिवन्त राख्ने प्रयासस्वरुप संस्थाको श्रोत वृद्धी गर्न विभिन्न सहयोगी संस्थाहरुमा अवधारणापत्र तथा प्रस्तावनाहरु लेख्ने कार्य सम्पन्न भएको छ भने केही संस्थाहरुवाट सहयोग समेत प्राप्त भएको छ भने केही परियोजनाहरु दातृ निकायमा पेश गरिएको छ । यस अवधिमा संस्थाद्वारा सञ्चालित विभिन्न परियोजनाका गतिविधि सञ्चालन र सहजीकरणका लागि महत्वपूर्ण निर्णयहरु गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । संस्थागत विकासअर्न्तगत देहायबमोजिम विभिन्न कार्यहरु सम्पन्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

### ३.१ नयाँ सदस्यता थप/सदस्यता राजीनामाः

गत साधारण सभाले सदस्यता थप गर्ने कुरामा विशेष पहल गर्ने निर्देश गरेबमोजिम संस्थाको विभिन्न मितिमा मानव अधिकार, कानुनको शासन र न्यायको क्षेत्रमा योगदान पु¥याउदै आउनुभएका मित्रहरुबाट प्राप्त भएको सदस्यताको निवेदनका आधारमा छ जना महानुभावहरु (जुरीमा कार्यरत श्री अनिता भुजेल, दाङ जिल्ला तुलसीपुर उ.म.न.पा. वडा नं १० घर भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं ९ बस्ने श्री देवका के.सी., जुरीमा कार्यरत अधिवक्ता बालमाया विश्वकर्मा, बझाङ जिल्ला जयपृथ्वी न.पा. वडा नं १०, चैनपुर घर भई हाल काठमार्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ३ पासीकोट बस्ने अधिवक्ता सुन्दर बहादुर सेनी, जुरीमा कार्यरत श्री कमल बहादुर बसेल र उदयपुर जिल्ला,

गढी गा.पा. घर भई हाल पुतलीसडक बस्ने श्री दुर्गाकुमारी विश्वकर्मा) लाई जुरी नेपालको सदस्यता प्रदान गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराउन पाउँदा खुसी लागेको छ । साथै जुरीको सदस्यमा बस्न नसक्ने जानकारी सहित चारजना सदस्यज्यूहरु (श्री खुसी प्रसाद थारु, श्री मोहन कर्ण, श्री ओम प्रकाश अर्याल र श्री सुधा उप्रेती) ले दिएको राजिनामा स्विकृत गर्ने सर्वसम्मतिवाट निर्णय गरिएको छ । साथै वहाँहरुबाट आगामी दिनमा पनि थप सहयोग र योगदानको समेत अपेक्षा समितिले गरेको व्यहोरा समेत जानकारी गराउदँछु ।

### ३.२. सार्वजनिक सरोकारको मुद्दामा सफलता एवं निरन्तरता :

यस संस्थाले सार्वजनिक सरोकारको मुद्दालाई महत्वपूर्ण प्राथमिकतामा राख्दै आएको छ । यस सर्न्दभमा यस बर्ष विद्युतीय सवारी साधनलाई अत्याधिक कर लगाउन गरी गरेको सरकारी निर्णयको विरुद्ध सम्मनित सर्वोच्च अदालतमा मुद्दा दायर गरिएकोमा विपक्षीको नाउँमा कारण देखाउ आदेश जारी भएको छ । साथै विभिन्न परियोजनाको सहयोगअन्तर्गत दायर भएका रिट निवेदनहरुः संवैधानिक आयोगहरुको रिक्त पदाधिकारीको नियुक्ति सम्बन्धि विषय, विद्यालय नर्सिङ्ग कार्यक्रमका कर्मचारीको नियुक्ति समावेशी नभएको विषय, चेपाङ्ग बस्तिमा जर्वजस्ती विस्थापन विरुद्धको रिट निवेदन,  खाद्य अधिकार सुनिश्चिताको लागि दायर गरिएको रिट निवेदन र सोनाहा समुदायलाई आदिवासी जनजातिको सुचिमा सुचिकृत गर्नु भनि सर्वोच्च अदालतले परमादेश जारी गरेता पनि ५ वर्ष सम्म कार्यन्वयन नभए पश्चात सोनाहा समुदायका शान्ति सोनाहा र घुमलाल सोनाहाले जुरी नेपालको सहयोगमा अदालतको अवहेलनामा पुनः रिट दर्ता गराउन सहयोग गरिएको र ६ वर्षको सुन्न र बोल्न नसक्ने बालिकालाई उनकै बुबाले यौन दुव्यवहार गरेको घटनामा प्रहरीले मुद्धा दर्ता गर्न नमानेपछि जुरी नेपालको समन्वयमा अन्य सरोकारवाला संस्थाहरुको बैंठक गरि रणनीतिक रुपमा अगाडि बढी मुद्धा दर्ता गराईएको र हाल पीडक थुनामा रहेको छ । यी सवै रिट निवेदनहरुमा सकारात्मक परिणामहरु देखा परेका छन् । यी सबै रिट निवेदनमा जुरी-नेपालका कर्मचारी, कार्यकारी समिति, सल्लाहकार र सदस्यहरुको तर्फबाट अदालतमा प्रतिनिधित्व भई रहेको छ । (अन्य रिट निवेदनको विषयमा थप विवरण सम्बन्धित परियोजनामा राखिएकोले तत् तत् परियोजना अन्तर्गत हेर्नुहुन अनुरोध गर्दछु) ।

## ४. जुरी-नेपालद्वारा सञ्चालित विभिन्न परियोजनाअर्न्तगत सम्पन्न भएका गतिविधिहरु

### ४.१ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र सामाजिक न्याय अर्न्तगतका गतिविधिहरु

### ४.१.१ मानवीय मर्यादा प्रवर्द्धन परियोजना (दोश्रो चरण) अर्न्तगत सम्पन्न गतिविधिहरु र प्रभाव :

जुरी-नेपालद्वारा आई.एम.स्विडीस डेभलपमेन्ट पार्टनरको सहयोग तथा सहकार्यमा सञ्चालित मानवीय । मर्यादा प्रवर्द्धन परियोजनाले (दोश्रो चरण) अर्न्तगत आ.व.२०७७/०७८ मा सम्पन्न गरेका प्रमुख कार्यको विवरण निम्न बमोजिम रहेका छन् ।

**१ मानव अधिकारको दृष्टिकोणवाट विद्यमान कानूनहरुको समिक्षा गरी सुझावहरु पेश गरिएको :**

**क) भूमी सम्बन्धि ऐन, २०२१ को समिक्षा र नीति वकालत पत्र सुझावस्वरुप बुझाईएको:** भूमि सम्बन्धि ऐन, २०२१ को सातौं र आठौं संशोधनको समीक्षा गरि उक्त ऐनमा भएका कानूनी र कार्यान्वन पक्षका अन्तर (Gaps), चुनौतीहरु, विभिन्न सरोकारवाला निकायहरुको भूमिका र अबको बाटो सहित सुझावपत्र तयार पारिएको थियो । उक्त नीति सम्बन्धि वकालत पत्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बहाम्फे, भूमि समस्या समाधान आयोगका अध्यक्ष देवी प्रसाद ज्ञावली र मानव अधिकार आयोगका सचिव, वेद प्रसाद भट्टराईलाई बुझाईएको थियो । साथै सो को मस्यौदा इमेलमार्फत ७५३ स्थानीय सरकारलाई समेत बुझाईएको थियो । सातौ र आठौ संशोधनले भूमीहिन र दलितको भूमीमाथिको पहुँच बृद्धिका लागि विभिन्न प्रावधानहरु समेटिएको भएतापनि ऐनका कतिपय प्रावधानहरुले वास्तविक भूमिहिन र दलितका सवाल सम्बोधनमा चुनौति रहेको विषय सुझावमा औंल्याइएको छ ।

**ख) जनस्वास्थ्य सेवा ऐन, २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा गर्नुपर्ने संशोधनका सम्बन्धमा सुझाव पेश गरिएको:** नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट वञ्चित नगर्ने विषयलाई सुनिश्चित गरेको सन्दर्भमा जनस्वास्थ्य सेवा ऐन, २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तर्जुमा भएको भएतापनि उक्त कानूनको जनस्वास्थ्य तथा सुरक्षित मातृत्व अधिकार तथा समग्रमा लैङ्गिक दृष्टिकोणवाट समीक्षा गरी संघीय सरकारलाई सुझाव दिने उद्देश्यले उक्त दुबै ऐनको समीक्षा गरिएको हो । समीक्षा गरिएको मस्यौदालाई नागरिक संघ संस्थासँगको परामर्शपछि सोको विधायिकी छलफल र थप पहलका लागि राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति माननीय परशुराम मेघी गुरुङ्गज्यू लगायत विभिन्न निकायलाई हस्तान्तरण गरिएको छ । साथै यस विषयमा थप पैरवी र वकालतका लागि नागरिक संस्थालाई समेत उपलव्ध गराइएको छ ।

**ग) एसिडजन्य हिंसाका पीडितको न्यायमा पहुँच, पिडकलाई कडा सजाय गर्न एसीडको बिक्रि वितरणलाई नियन्त्रण तथा एसिडजन्य पदार्थको बेचबिखनमा नियमन गर्नका लागि सरकारको ध्यानाकर्षण :** नागरिक संघसंस्था तथा एसिडजन्य हिंसाका पीडितहरुको निरन्तर दवाव र प्रयास पश्चात नेपाल सरकारले एसिडजन्य जघन्य हिंसाका पीडकलाई कडा दण्ड र सजायको व्यवस्था गर्नेगरी २०७७ असोज १२ गते सो सम्वन्धी अध्यादेश जारी गरेको छ । यस विषयमा जुरी-नेपालका साथै अन्य ५ वटा संस्थाहरु (एम्नेष्टि इन्टरनेशनल, महिला, कानून र विकास मञ्च, वर्न भ्वाइलेन्स सर्भाइभर्स नेपाल, ओरेक र ल्याक) ले उक्त विद्येयकको प्रारम्भिक मस्यौदामा कानून मन्त्री माननीय डा.शिवमाया तुम्बहाम्फेज्यूलाई लिखित सुझाव बुझाएको थियो । साथै यस अघि जुरी-नेपालले संघीय संसदको कानून, न्याय तथा मानव अधिकार समितिसँग अर्न्तक्रिया तथा छलफल गरी यस सम्वन्धमा जारी भएको सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि समेत मानव अधिकार समितिले सरकारको ध्यानाकर्षण गराएको थियो । यस विषयमा २०७३ सालमा जुरी-नेपालले सर्वोच्च अदालतमा रिट दायर गरेको र उक्त रिटमा एसिडजन्य हिंसा नियन्त्रणका लागि छुट्टै कानून बनाउन आदेश दिदै मितिः २०७४/०४/२५ मा सरकारको नाउँमा परमादेश समेत जारी भएको थियो ।

**घ) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिकाको समिक्षा :** जुरी नेपालले आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा कार्य गर्दै आएको र कोभिडका कारण विदेशबाट रोजगारी गुमाएर स्वदेश फर्केका युवालाई लक्षित गरी वकालत सामाग्री तयार गर्ने हेतुले संबिधानद्वारा प्रत्याभूत रोजगारीको हक कार्यान्वयनका लागि जारी भएको प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशिकाको समिक्षा गरिएको छ । यस समीक्षाको मुख्य उद्देश्य कार्यक्रमको ढाँचा र कार्यान्वयनमा भएका अन्तरहरु,

चुनौतिहरु र अवसरहरु पत्ता लगाउने वकालतका लागि तथ्यहरु संकलन गरि वकालत नीति पत्र तयार गरि वकालत गर्ने रहेको छ । यसका लागि समूह केन्द्रित छलफल र मुख्य मुख्य व्यक्तिहरुसँग सुचना संकलन गर्नका लागि प्रश्नावलीहरु तयार गरि दाङ्गको दंङ्गिशरण गाउँपालिका र राप्ती गाउँपालिका, कपिलवस्तुको विजयनगर गाउँपालिका र शुद्धोधन गाउँपालिकाका लक्षित युवा तथा स्थानीय रोजगार संयोजक र स्थानीय निकायका पदाधिकारीहरुबाट सुचनाहरु संकलन गर्ने कार्य सम्पन्न भएको र प्रतिवेदनको अन्तिम मस्यौदा तयारीको क्रममा रहेको छ । यस नीतिपत्र समीक्षाको उद्देश्य रोजगारीको हक कार्यान्वयनका सर्न्दभमा सरकारलाई सुझाव दिनुका साथै रोजगारीको हकको प्रत्याभूतिको लागि नागरिक पैरवी र वकालत गर्नु रहेको छ ।

**२ स्थानीय सरकारसँगको सहकार्य तथा क्षमता अभिवृद्धिसम्वन्धी गतिविधिहरु**

**क) मानव अधिकारको दृष्टिकोणवाट नमूना गाउँपालिका घोषणाका लागि सूचकहरुको तर्जुमा गर्न गाउँपालिकालाई प्राविधिक सहयोग र सहकार्य** : कपिलवस्तुको बिजयनगर गाउँपालिकाले उक्त पालिकालाई मानव अधिकारको दष्टिकोणवाट नमूना गाउँपालिका घोषणा गरेको सर्न्दभमा उक्त घोषणाको व्यवहारिक कार्यान्वयनका लागि जुरी नेपाल र ईन्द्रेणी ग्रामिण विकास केन्द्रसँग सहकार्य गरेको छ । उक्त सहकार्य अर्न्तगत जुरी नेपाल र इन्द्रेणी ग्रामिण विकास केन्द्रले पालिकासँगको सहकार्य र समन्वयमा मानव अधिकारको दृष्टिकोणमा विजयनगर गाउँपालिकालाई नमूना गाउँपालिका बनाउनका लागि अनुगमन सुचकहरु निर्माण गर्नुका साथै उक्त सूचकमा आधारित रहेर आधाररेखालाई मापन गरि अंकभार तोकी अन्तिम रुप दिने कार्य सम्पन्न भएको छ । उक्त अन्तिम आधाररेखा दस्तावेजमा विजयनगर गाउँपालिकाका अध्यक्ष गोपाल बहादुर थापा, उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले हस्ताक्षर गर्नुभएको छ । उक्त सूचक तयार गर्ने कार्य विभिन्न चरणको छलफल र सम्बादपछि सम्पन्न भएको हो । यस अभियानमा जुरी नेपालले गाउँपालिकालाई प्राविधिक सहयोग उपलव्ध गराएको हो ।

**ख) महिला तथा युवाको कृषि तथा रोजगारीमा पहुँच अभिवृद्धि हाते पुस्तिका प्रकाशन तथा वितरण:** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ र यसको रोकथामका लागि गरिएको बन्दाबन्दीले समग्र क्षेत्रमा असर पारेको छ । त्यसमा पनि विषेश गरि रोजगारीको क्षेत्रमा अत्यधिक असर परेको छ । आर्थिक तथा सामाजिक अधिकारको प्रत्याभूति चुनौतिपूर्ण बन्दै गएको परिस्थितिलाई मध्यनजर गरि नेपालको संविधानमा व्यवस्था गरिए अनुरुप ३ तीन तहका सरकारले यस महामारीमा महिला तथा युवाको कृषि तथा रोजगारीमा पहुँच अभिवृद्धि गर्न के कस्ता नीति, कार्यक्रम र बजेटको विनियोजन गरेको छ र उक्त बजेट तथा कार्यक्रममा महिला तथा युवाहरुको पहुँच कसरी अभिवृद्धि गराउन सकिन्छ भन्ने विषयमा लक्षित वर्गलाई जानकारी दिन तथा उनिहरुको क्षमता अभिवृद्धि गर्नका लागि विजयनगर गाउँपालिका कपिलवस्तुको सहकार्यमा ५०० प्रति हाते पुस्तिका प्रकाशन गरि कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकाका लक्षित युवा तथा अन्य लक्षित लाभान्वितहरुलाई पालिका, वडा कार्यालय र इन्द्रेणी ग्रामिण विकास केन्द्रमार्फत, वितरण गर्ने व्यवस्था गरिएको थियो । गाउँपालिका प्रकाशक रहेको यस प्रकाशनको प्राविधिक सहयोग जुरी नेपालले उपलव्ध गराएको थियो ।

**ग) स्थानीय तहको योजना तर्जुमा र बजेट विनियोजन विधि सम्बन्धि लिफ्लेट प्रकाशन तथा वितरण :** स्थानीय तहको विकासका लागि आवश्यकता पहिचान, विषयगत तथा क्षेत्रगत प्राथमिकताको आधारमा बजेट विनियोजन तथा तर्जुमा प्रकृयालाई अर्थपूर्ण, सहभागितामुलक र पारदर्शि बनाउनका लागि तथा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्ने उद्देश्यलले कानूनमा व्यवस्था गरिए बमोजिम योजना निर्माणका ७ चरणका बारेमा लक्षित समूहलाई जानकारी दिने उद्देश्यले जुरी-नेपाल, सिद्धार्थ सामाजिक विकास केन्द्र,

ईन्द्रेणी ग्रामिण विकास केन्द्र, शिक्षामा वातावरणीय विकास संस्थासँगको सहकार्यमा २,५०० प्रति लिफ्लेट प्रकाशन गरि दाङ्ग र कपिलवस्तु जिल्लामा तोकिएका पालिकाका कार्यक्षेत्रहरुमा युवा, सामाजिक संघ संस्थाका प्रतिनिधि लगाएत लाभान्वित सदस्यहरुलाई वितरण गरिएको थियो । उक्त सामाग्रीको प्रकाशन तथा वितरणवाट योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सूचनामाथिको पहुँच तथा चेतना अभिवृद्धिमा सघाउ पुग्ने लक्ष्य लिइएको छ ।

**घ) महामारीको समयमा स्थानीय सरकार न्यायीक समितिको भूमिका विषयक अर्न्तक्रिया :** कोभिड-१९ जस्तो विश्वव्यापी महामारी र बन्दाबन्दीको अवस्थामा स्थानीय सरकार र  न्यायिक समितिका पदाधिकारीहरुको भूमिका विशेष गरी राहत वितरण प्रक्रियामा लक्षित समूहको पहुँच, लैङ्गिकजन्य हिंसा अन्त्य गर्न र पीडितहरुलाई न्यायमा पहुँच गराउनका लागि समितिको भूमिका के कस्तो हुन सक्छ भन्ने विषयमा भर्चुअल अर्न्तक्रिया आयोजना गरिएको थियो । अर्न्तक्रिया कार्यक्रममा कपिलवस्तुका विजयनगर गाउँपालिका र मायादेवी गाउँपालिका, दाङ्गका दंगीशरण गाउँपालिका र शान्तिनगर गाउँपालिका र गोरखाको अजिरकोट गाउँपालिकाका न्यायिक समितिका पदाधिकारी तथा सदस्यहरुको सहभागीता रहेको थियो । न्यायिक समितिका पदाधिकारीहरुले समितिलाई यस सम्बन्धमा छुट्टै तालिमको आवश्यकता भएको समेत जानकारी गराएका थिए । उक्त सुझावका आधारमा न्यायिक समितिका पदाधिकारीको भूमिकालाई जोड दिएर तालिम समेत आयोजना गरिएको छ ।

**ड.) स्थानीय सरकारहरुलाई बालविवाह अन्त्य रणनीति निर्माणमा प्राविधिक सहयोगः** जुरी-नेपालले समाजमा वातावरणीय शिक्षाको विकास (सिड), दाङसँगको समन्वयमा दाङ्ग जिल्ला अन्तर्गतका दङ्गिशरण र शान्तिनगर गाउँपालिका तथा ईन्द्रेणी ग्रामिण विकास केन्द्र, कपिलवस्तुसँगको समन्वयमा कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकालाई बालविवाह अन्त्य सम्वन्धी रणनीति मस्यौदा गरी उपलव्ध गराएको थियो ।  तीन वटै गाउँ पालिकाहरुले उक्त रणनीतिमा आवश्यक छलफल तथा सरोकारवाला पक्षसँग राय सुझाव लिएर आ–आफ्नो गाउँ सभाबाट अनुमोदन समेत गरेका छन् । नेपाल दक्षिण एशियामै बाल विवाह बढी हुने देशमा गणना भएको सर्न्दभमा यस नीतिगत निर्णयले आगामी दिनमा पालिकाले बाल विवाह अन्त्यजस्तो बालबालिकाको हकविरुद्दको अभियानमा जोड दिने र सरोकारवाला निकायले समेत यस क्षेत्रमा स्थानीय सरकारलाई सहयोग गर्ने अपेक्षा गरिएको छ ।

**च) स्थानीय सरकारलाई पालिकाको कृषिनीति निर्माण प्रक्रियामा प्राविधिक सहयोगः** आर्थिक तथा सामाजिक अधिकारको प्रत्याभूतिका लागि महत्वपूर्ण मानिने कृषि नीति स्थानीय सरकारमा पनि तर्जुमा गर्न बाञ्छनीय भएको सर्न्दभमा जुरी-नेपालले मेड नेपाल चितवनसँगको सहकार्यमा  नवलपुरको बौद्धिकालि गाउँपालिकालाई कृषि नीतिको मस्यौदा तयार गर्न प्राविधिक सहयोग उपलव्ध गराएको छ । कोभिडका कारण प्रारम्भिक मस्यौदामा छलफल गरी सुझाव लिन नसकिएकोले पुनः परामर्श र छलफलमार्फत मस्यौदालाई अन्तिम रुप दिई पालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । हालको प्रारम्भिक मस्यौदा पालिकालाई टिप्पणी र सुझावका लागि उपलव्ध गराइएको छ । कृषि क्षेत्रका बिज्ञको प्राविधिक सहयोगमा तयार गरिएको यस नीतिको मस्यौदावाट पालिकाले प्राविधिक सहयोग प्राप्त गरेको छ भने उक्त नीति  पारित हुन सकेमा त्यस पालिकाका लक्षित कृषकहरु प्रत्यक्षरुपमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

**छ) सर्वसाधारण नागरिकको न्यायमा पहुँचका साथै लैंगिक न्याय प्रवर्द्धनका लागि न्यायिक समितिको भूमिका अभिवृद्धि सम्वन्धी तालिम तथा कार्यशालाः** सर्वसाधारण नागरिकको न्यायमा पहुँच अभिवृद्धिका साथै लैंगिक न्याय प्रवर्द्धनका लागि न्यायिक समितिको भूमिका महत्वपूर्ण हुने सर्न्दभमा तीन दिवसीय

आवाशीय तालिम तथा कार्यशालाको आयोजना गरिएको थियो । तालिम तथा कार्यशालामा लैङ्गिक हिंसा, समानता, सशक्तिकरण र लैङ्गिक उत्तरदायि न्याय सम्बन्धी अवधारणा, संघिय शासन पद्धति र स्थानिय सरकारको भूमिका, न्यायमा पहुँच अभिवृद्धिका लागि न्यायिक समितिको भूमिका, न्यायिक समितिको कायादेश, मुद्धा व्यवस्थापनका सिद्धान्त तथा विवाद समाधान तथा न्याय निरोपण गर्दा ध्यान दिनुपर्ने कुराहरु, स्थानिय तहको कानून निर्माण प्रक्रिया र चरण, योजना तर्जुमा, यसका चरण र लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियामा केन्द्रित रहेको थियो । यसमा कपिलवस्तुका विजयनगर गाउँपालिका र शिवराज नगरपालिका, दाङ्गको दंगीशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका, राप्ती गाउँपालिका र गढवा गाउँपालिका, घोराही उपमहानगर गाउँपालिकाका न्यायिक समितिका प्रमुख तथा पदाधिकारीहरुको सहभागीता रहेको थियो । कार्यशालाको अन्तिममा सबै गाउँपालिकाले लैंङ्गिक न्याय प्रवर्द्धन गर्ने पालिका तहको कार्य योजना समेत बनाएका थिए । यस कार्यक्रममा ४९ जना (महिलाः २७ जना र पुरुषः २२) जनाको सहभागिता रहेको थियो । उक्त कार्ययोजना पश्चात कतिपय पालिकाले उपाध्यक्षको अनुरोधलाई सकारात्मक रुपमा लिई यस आ.व.मा लक्षित समूदायको बजेटमा उल्लेख्य बृद्धि गर्नुका साथै बिजयनगर गाउँपालिकाले पहिलोपटक लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायको हितका लागि केही बजेट समेत बिनियोजन गरेको छ भने अन्य पालिकाहरुले पनि लक्षित बजेटमा महिला तथा सिमान्तकृत समूदायलाई लक्षित गरी नयाँ कार्यक्रमहरु  समेत लागु गरेका छन् । यस सम्वन्धमा थप जानकारीका लागि परियोजनाले तयार गरेको घटना अध्ययनमा थप विषय समावेश गरिएको छ ।

### ३ लैंगिक तथा सामाजिक न्याय र सामाजिक समावेशीकरण प्रवर्द्धनसम्वन्धी गतिविधिहरु :

**क) लैंङ्गिक तथा यौनजन्य हिंसा अन्त्यका लागि नागरिक समाजको भूमिका विषयक क्षमता विकास तालिम :** लैंङ्गिक तथा यौनजन्य हिंसा अन्त्यका लागि नागरिक समाजको भूमिका विषयक क्षमता अभिवृद्धि तालिमको विषयवस्तु लिङ्ग, लैङ्गिक समानता, लैङ्गिक हिंसा तथा महिला हिंसा, पितृसत्तात्मक सोच, वर्तमान अवस्थामा लैङ्गिक हिंसा सम्बन्धी घटनाहरु र यसका असरहरु, यसका कानूनी प्रावधानहरु, लैङ्गिक हिंसा अन्त्यका लागि संस्थागत संरचना र तिनीहरुको भूमिका, लैङ्गिक हिंसाका मनोवैज्ञानिक असरहरु, लैङ्गिक हिंसा अन्त्यका लागि सञ्चार माध्यमको भूमिका र नागरिक संघसंस्थाको भूमिका रहेका थिए । यस तालिममा सिद्धार्थ सामाजिक विकास केन्द्र, ईन्द्रेणी ग्रामिण विकास केन्द्र, स्वान, समाजमा वातावरणीय शिक्षाको विकास, मुक्त कमलरी विकास मञ्च लगायतका संस्थाका कर्मचारीहरु समेत सहभागी भएका थिए । तालिमको अन्तिममा सबै संस्थाहरुले कार्ययोजना समेत बनाएका थिए । यस तालिममा ३१ जना ( महिलाः २१ र पुरुषः १०) को सहभागिता सिद्धार्थ सामाजिक विकास केन्द्र, ईन्द्रेणी ग्रामिण विकास केन्द्र, स्वान, सिड र मुक्त कमलरी विकास मञ्चका कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त तालिम पश्चात सबै साझेदार सस्थाले यस सम्वन्धी तालिम सञ्चालन गर्नुका साथै बाल विवाह अन्त्यसम्वन्धी विभिन्न अभियानहरु सञ्चालन गरेको जानकारी गराएका छन् ।

**ख) नेपालमा बढ्दो बलात्कार र लैङ्गिक हिंसाका लागि आवाज उठाउन सर्वोच्च अदालत बार एशोसियसन महिला समितिसँगको सहकार्यमा अर्न्तक्रिया कार्यक्रम :** नेपालमा दिन प्रतिदिन बढ्दै गई रहेको बलात्कार र लैङ्गिक हिंसाका लागि आवाज उठाउन सर्वोच्च अदालत बार एशोसियसनको महिला समिति सँग समन्वय गरि एक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रमको मुख्य उद्देश्य विश्वव्यापी महामारी कोभिड-१९ को संक्रमण फैलिरहेको अवस्था र देशमा बन्दाबन्दी भई रहेका बेलामा झन भन्दा झन लैङ्गिक हिंसा र बलत्कारका घटनाहरु बढी रहेकाले सरकारको ध्यानाकर्षण गराई यसको

अन्त्य तथा न्यूनिकरणका लागि थप पहल गराउने रहेको थियो । यस कार्यक्रम पश्चात सर्वोच्च अदालत बार एशोसिएशन, महिला समितिको तर्फबाट ज्ञापन पत्र तत्कालिन गृहमन्त्रीलाई समेत बुझाईएको थियो ।

**४. सिमान्तकृत समूदायको मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि सार्वजनिक सरोकारका विषयमा रिट निवेदन तथा पैरवी** : जुरी-नेपालले सिमान्तकृत समूदायको मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि कार्य गर्दै आएको छ । कोभिडको अवस्थामा सरकारले सबैलाई घरभित्र बस्ने आदेश गरी निशेधाज्ञा जारी गरेको सर्न्दभमा आवास विहिन नागरिकलाई आवासको व्यवस्था गर्नुपर्ने राज्यको दायित्व भएको भएपनि चितवनका चेपाङ्ग समुदायका परिवारलाई चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले ऐलानी जग्गामा टहरा बनाएर बसेको भन्दै बर्षौदेखि त्यहाँ बसोवास गर्दै आएका १० परिवारलाई हात्ति र आगो लगाएर जबरजस्ती विस्थापन गराउन घर तथा टहराहरुमा आगो लगाएको तथा देशका अन्य स्थानहरुमा समेत सोही प्रकारको जर्वजस्ती विस्थापन गरेको विषयलाई लिएर जबरजस्ती विस्थापनका विरुद्धमा सर्वोच्च अदालतमा मितिः २०७७/०४/१२ मा यस क्षेत्रमा क्रियाशील राष्ट्रिय भूमी अधिकार मञ्च लगायत विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी १३ जना निवेदक भई सामुहिकरुपमा रिट निवेदन दायर गरिएको थियो । उक्त मुद्दामा विपक्षिहरुका नाउँमा अन्तरकालिन आदेश जारी हुनुका साथै रिट निवेदन अन्तिम सुनुवाईको अवस्थामा रहेको छ ।

यसका साथै गत वर्ष दायर गरिएको खाद्य अधिकारको पहुँचसम्वन्धी रिट तथा सोनाहा जातिलाई लोपोन्मुख जनजातिमा सुचिकृत गर्नु भनि सर्वोच्च अदालतले ५ वर्ष अगाडि फैसला गरेपनि उक्त फैसला कार्यान्वयन नभएकाले अदालतको मानहानी भएको विषयलाई लिएर मितिः २०७७/०८/२३ मा सोनाहा समुदायलाई प्राविधिक सहयोग गरि सर्वोच्च अदालतमा पुनः रिट दायर गरिएको रिटमा समेत बहस पैरवी गर्नुका साथै उक्त सबै रिटमा परियोजनाबाट प्रतिनिधित्व गर्ने कार्य भइरहेको र दुबै रिट अन्तिम सनुवाइको क्रममा रहेका छन् ।

**५. संसदीय जवाफदेहीता प्रवर्द्धन तथा कानून निर्माण प्रक्रियामा एकरुपता ल्याउनका लागि प्रदेश सभाका सदस्यहरुसँग अर्न्तक्रिया कार्यक्रमः** गरिब तथा सिमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गराउनका लागि प्रदेश सभा सदस्यको भूमीका महत्वपूर्ण हुने सर्न्दभमा कानून निर्माण प्रक्रियामार्फत संसदीय जवाफदेहीता सुनिश्चित गर्न लुम्बिनी प्रदेश सभाका सदस्यहरुको भूमिका अभिवृद्धिका लागि एक दिवशीय अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सिमान्तकृत समूदायको हक अधिकार सुनिश्चितताका लागि प्रदेश सभा सदस्यहरुको भूमिका तथा सार्वजनिक उत्तरदायित्व प्रवर्द्धनका लागि के कस्तो भूमिका रहन्छ र कानून निर्माण प्रक्रियामा ध्यान दिनुपर्ने पक्षमा छलफलमा जोड दिइएको थियो । जुम प्रविधिमार्फत आयोजना गरिएको अर्न्तक्रिया कार्यक्रममा संबिधान सभा सदस्य तथा कानूनविद बरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेश सभाका २४ जना सदस्यसहित ५३ जनाको सहभागिता रहेको थियो ।

**६. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल अर्न्तगतका वकालत तथा अभियानहरुः** जुरी नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा भूमिका निर्वाह गर्दै आएको छ भने यस सञ्जालमार्फत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विभिन्न विषयमा सरकारको ध्यानाकर्षण तथा सुझावहरु प्रदान गर्दै आएको छ । यस अर्न्तगत सचिवालयमार्फत यस बर्ष सम्पन्न केही महत्वपूर्ण गतिविधिहरुलाई निम्न बमोजिम समावेश गरिएको छ :

- संघिय सरकारले आ.व. २०७८/७९ को बजेट निर्माण गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मुख तथा पिछडीएका समुदायहरुका साथै आप्रवासी, गरिब, जोखिममा रहेका परिवार तथा समुदाय, नागरिकहरुलाई स्वास्थ्य सुविधामा विना भेदभाव पहुँच उपलव्ध गराउन, खाद्य सुरक्षा, शिक्षामा पहुँच, रोजगारीका अवसरहरु सृजना गर्न र समाजमा रहेका सबै प्रकारका भेदभाव तथा छुवाछुतको अन्त्य गर्नका साथै उक्त समुदायलाई सशिक्तकरण गर्नका लागि बजेटको नीति तथा कार्यक्रम तयार पार्दा र बजेट विनियोजन गर्दा विशेष ध्यान दिई आग्रह गर्दै संघिय सरकारका अर्थ मन्त्रालयका माननिय अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई, लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री माननीय बैजनाथ चौधरी र कपिलवस्तु जिल्ला विजयनगर गाउँपालिकाका अध्यक्ष गोपाल बहादुर थापालाई बजेट विनियोजनका लागि सुझाव पत्र पेश गरिएको थियो । उक्त तीन वटा दस्तावेज तयारी र पेश गर्ने कार्यक्रमको संयोजन जुरी नेपालले गरेको थियो ।
- विश्वव्यापी महामारी कोभिड-१९ दोश्रो लहरको महामारीमा आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच हुन नसक्नु अक्सिजन, औषधि र सैया तथा न्यूनतम स्वास्थ्य उपचारको अभाव भएकाले असंख्य नागरिकहरुले अकालमा मृत्युवरण गर्नु परिरहेको सन्दर्भमा २०७८/०२/०३ मा सर्वोच्च अदालतबाट अधिवक्ता मनिष कुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका नाममा जारी भएको अन्तरिम आदेश स्वास्थ्य सम्बन्धि मौलिक हकको कार्यान्वयन गर्नका लागि अपिल गरिएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्बिनी प्रदेश कार्यालयबाट यथाशक्य उक्त फैसलाको कार्यान्वयन गर्ने प्रतिवद्धता सहितको प्रतिउत्तर प्राप्त भएको थियो ।

**.७. सामाजिक परिक्षण/लेखाजोखाः** सामाजिक संस्थाका क्रियाकलापहरुलाई समेत लक्षित समूदाय र सरोकारवाला निकायसम्म पुर्‍याउन र उनिहरुका गतिविधिहरुको समीक्षा र मूल्यांकनमार्फत सामाजिक संस्थाको जवाफदेहीता र पारदर्शिता कायम गर्ने हेतुले जुरी-नेपालले संस्थाको नवौं बार्षिक साधारण सभापश्चात पहिलो पटक सामाजिक परिक्षण/लेखाजोखा कार्यक्रको आयोजना गरेको थियो । उक्त कार्यक्रममा जुरीको ९ वर्षका मुख्य मुख्य उपलब्धीहरुको प्रस्तुति, लेखापरिक्षण प्रतिवेदन पेश गरि संस्थाले आफ्ना सम्पूर्ण सरोकारवालाहरु बिच आफ्नो प्रस्तुतिमार्फत सुझावहरु लिएको थियो । उक्त कार्यक्रममा संघीय सांसद सहित जुरीले परियोजना सञ्चालन गर्ने स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु र नागरिक संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा मुख्य अतिथिको रुपमा आमन्त्रित माननीय कृष्णभक्त पोखेलले जुरी नेपालका गतिविधिहरुले सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण योगदान गरेको विषय सहभागीहरुवीच राख्नुभएको थियो ।[1]

---

[1] **कृष्णभक्त पोखरेल (सभापति,** संघिय संसद, कानून, न्याय र मानवअधिकार समिति) को भनाइः "जुरी-नेपाल एक उच्च अग्रगामी छवी भएको संस्था हो । जस्ले मानव अधिकार, सामाजिक न्याय र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका क्षेत्रमा निरन्तर कार्यरत छ । यस संस्थाले संविधान निर्माण प्रक्रिया देखिनै नेपाल सरकार र नागरिकहरुलाई निरन्तर सहयोग पुर्‍याई रहेको कानूनको क्षेत्रमा विज्ञ संस्थाको रुपमा चिनिन्छ ।" महत्वपूर्ण रहेकोले यहाँ समावेश गरिएको छ ।

**८. नटुवा समुदायको मानव अधिकारको अवस्थाको बारेमा अध्ययन तथा मानव अधिकार अवस्थाको अनुगमन :** कपिलवस्तु जिल्लाको सुद्योधन गाउँपालिकाको प्रगतिनगर लगायत जिल्लाका अन्य पालिकामा रहेका नटुवा समुदाय पूर्ण रुपमा भूमिहिन, शिक्षामा भर्खर मात्र बालिबालिकाहरु विद्यालय जान लागेका, पेशाको रुपमा भिरमौरीको मह काढ्ने र बेच्ने र सर्प नचाई अरुलाई मनोरञ्जन दिलाएर केही पैसा माग्ने र बेलुका सबैका घरमा गएर मागेर खाने मुख्य पेशा भएका नटुवाहरुको अवस्था एकदमै दयनिय रहेकाले यस समुदायको बारेमा स्थलगत अध्ययन गरिएको थियो । नटुवालाई राष्ट्रिय दलित आयोगले सुचिकृत गरेको तर उनीहरु आफु दलित नभएको दाबी गर्दै स्थानीय निकायले उक्त नटुवा जातिलाई लोपोन्मुख जातिको रुपमा सुचिकृत गर्नका लागि सिफारिस समेत गरेको पाईयो । यस विषयमा थप विषेश अध्ययन हुनु जरुरी देखिई रहेको छ । जुरी नेपालले सरकारी निकायहरुसँग समन्वय गरिरहेको छ । यस विषयमा जुरीमा सञ्चालित मानव अधिकार प्रवर्द्धनका लागि प्रभावकारी राष्ट्रिय मानव अधिकार संस्थाहरु सम्वन्धी परियोजनासँगको सहकार्यमा आयोगहरुसँगको सहकार्यमा निरन्तर अनुगमनका कार्यहरु हुँदै आएको छ ।

## ९. नागरिक तथा प्रेस स्वतन्त्रता तथा हकहित सम्वन्धी केही महत्वपूर्ण गतिविधिहरु

**क) लुम्बिनी प्रदेशले ल्याएको सञ्चार माध्यम सम्बन्धी विद्येयक उपर छलफल कार्यक्रम :** लुम्बिनी प्रदेशले ल्याएको सञ्चार माध्यम सम्बन्धी विद्येयक नेपालको संविधानको भावना र मर्म विपरित भएको तथा यसले पूर्ण प्रेस स्वतन्त्रता माथि अंकुश लगाउने गरि आएको विषयलाई मध्यनजर गरी नागरिक समाजको सुझावहरु पेश गर्ने उद्देश्यले यस क्षेत्रमा क्रियाशील जागरण मिडिया सेन्टर, आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार राष्ट्रिय सञ्जाल संस्थाहरुसँगको सहकार्यमा जुरी-नेपालले गरेको थियो । यस कार्यक्रममा सञ्चारकर्मी तथा मानव अधिकारकर्मि, नागरिक संघसंस्थाका प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा प्राप्त सुझावहरुलाई बिज्ञले तयार गरेको समीक्षापश्चात लुम्बिनी प्रदेश सरकारलाई लिखित सुझाव पेश गरिएको छ ।

**ख) आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार प्रवद्धनका लागि सञ्चार माध्यमको भूमिका विषयक अर्न्तक्रिया:** समाजमा पछाडि पारिएका वर्ग, जाति, समुदायहरु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सिमान्तकृत समुदायहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सुनिश्चित गर्नका लागि स्थानिय तहको योजना तर्जुमा तथा बजेट निर्माण प्रकृयामा उक्त समुदायको अर्थपूर्ण सहभागिता गराउनका लागि सञ्चार माध्यमको भूमिका विषयक अर्न्तक्रिया कार्यक्रम आयोजना गरि योजना तर्जुमाका ७ चरणहरुका बारेमा जानकारी दिदै त्यसमा सञ्चार माध्यमले कस्तो भूमिका खेल्न सक्छ भन्ने सम्बन्धमा छलफल गरिएको थियो । उक्त कार्यक्रममा मानव अधिकारमैत्री बजेटको अवधारणा र त्यसमा सञ्चारकर्मीले खेल्नसक्ने भूमिकाका विषयमा केन्द्रित भएर कार्यक्रम आयोजना गरिएको थियो ।

**ग) तेश्रो चरणको विश्वव्यापी आवधिक समीक्षाको प्रतिवेदन (Universal Periodic Review (UPR) Report Third Cycle) उपर नागरिक समाजको संयोजन तथा सुझाव :** जुरी नेपालले मानव अधिकारको प्रत्याभूतिमा विश्व समूदायसामु प्रतिबद्दता गरेका विषयलाई राष्ट्रिय कानून र व्यवहारको कसिमा हरेक ४.५ बर्षमा समीक्षा गरिने उक्त प्रतिवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त भएको प्रारम्भिक मस्यौदाउपर नागरिक संघ, संस्था र विशेष गरी आर्थिक तथा सामाजिक अधिकारको प्रत्याभूतिका सन्दर्भमा नागरिक सुझाव संकलन गरी मस्यौदा प्रतिवेदनउपर लिखित सुझाव दिने कार्यको संयोजन जुरी नेपालले गरेको थियो । नेपाल सरकारले प्रतिवेदन तयारीका क्रममा नागरिक सुझाव संकलनका लागि जुरी नेपाललाई दिएको जिम्मेवारीलाई हामीले महत्वपूर्ण अवसरका रुपमा प्रयोग गरेका थियौ ।

## १०. जुरी-नेपालको संस्थागत विकास तथा सञ्जाल सचिवालय अर्न्तगतका अन्य गतिविधिहरु

**क) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी वेभ साइटको अद्यावधिक तथा सार्वजनिकीकरण**: जुरी-नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धनका साथै यसको वकालत अभिवृद्धिका लागि राष्ट्रिय सञ्जालको वेभसाइटमा अध्यावधिक गरि इ.एस.सि.आर वेभपोर्टल तयार गरी सार्वजनिकीकरण गरेको छ । जुरी नेपालको वेभसाइटमा लिंक गरिएको उक्त वेभसाइटमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धीत राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरुको लिङ्क र जुरी नेपाल तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालद्धारा संचालित गतिविधिहरुका बारेमा अद्यावधिक सुचनाहरु राखिएका छन् ।

**ख) साझेदार संस्थाहरु बीच समन्वय बैंठक तथा प्राविधिक सहयोग आदान प्रदानः** आईएम स्वीडिस, स्वच्छ व्यवसायी समूह, जागरण मिडिया सेन्टर, सिद्धार्थ सामाजिक विकास केन्द्र, स्वान, सिड, मुक्त कमलरी विकास मञ्च र जुरी नेपाल साझेदार संस्था बिचमा समन्वय गरि विभिन्न समयमा बैंठकको आयोजना गरिएको थियो । जुरी नेपालले साझेदार संस्थाहरुलाई विशेष गरि तालिम तथा अभिमुखिकरण प्रदान गर्ने वा सहजीकरण गर्ने, ज्ञापन पत्रहरु तयार गर्ने, कानूनी विषयमा राय सुझाव दिने, तालिम तथा अभिमुखिकरण गर्ने, तालिम सामाग्री तयार गर्ने,  कानूनी रुपमा प्राविधिक सहयोग गर्ने कार्य गरिएको थियो ।

**ग) जुरी नेपालको वार्षिक समिक्षा बैंठक :**  जुरी -नेपालको वार्षिक समिक्षा बैंठक नयाँवानेश्वर, काठमाडौंमा २०७७ पौष ९ गते (२४ डिसेम्बर २०२०) मा कार्यसमितिका पदाधिकारीहरु र सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरेको थियो । बैंठकमा संस्थाद्धारा सञ्चालन भईरहेका विभिन्न कार्यक्रमहरुका उपलब्धीहरुको समिक्षा गरिएको थियो । आगामी दिनमा जुरी-नेपालले आफ्ना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन संस्था भित्रै पनि बेला बेलामा समिक्षा बैंठकहरु गर्ने र अन्य संघसंस्थाहरुसँग पनि निरन्तर रुपमा सहकार्य गर्दै जाने समेत निर्णय भएको थियो ।

**घ) जुरीको कार्यक्रम योजना, अनुगमन, प्रतिवेदन लेखन तथा मूल्यांकन सम्वन्धी कार्यविधिलाई अन्तिम रुप दिईएको :** विषय विशेषज्ञ परामर्शकर्ता अध्यता इन्टरनेशनल कम्पनीको सहयोगमा संस्थागत कार्यविधि तयार गर्ने उद्देश्यले  एकिकृत योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन निर्देशिकाको मस्यौदा तर्जुमा गत वर्ष गरिएको थियो । उक्त एकिकृत योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन निर्देशिकाको मस्यौदालाई जुरी नेपालका सम्पूर्ण कर्मचरीहरुको विभिन्न चरणको छलफलबाट यसै बर्षमा अन्तिम रुप दिईएको छ  । उक्त मस्यौदा तयारीका लागि परियोजनाको श्रोत परिचालन गरिएको छ ।

**ड.) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल सचिवालय सहयोग :** जुरी नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा कार्य गरिरहेको छ । हरेक तहमा सामाजिक समावेशीता र नागरिक स्वतन्त्रताका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । राष्ट्रिय सञ्जाल मार्फत यस बन्दाबन्दीको अवधीमा जुरी नेपालको संयोजनमा सरकारका विभिन्न निकायहरुमा ज्ञापनपत्र तथा ध्यानाकर्षण पत्र बुझाउने कार्य गरेको थियो ।

**च) जुरी नेपालको संस्थागत विकास सहयोग :** यस अर्न्तगत आइ.एम.स्विडिस डेभलपमेन्ट पार्टनरले कोभिडका समयमा डिजिटल प्रविधिमार्फत बैठक तथा अर्न्तक्रिया कार्यक्रम गर्न सहज हुने सामाग्री सहयोग गरेको छ । जसबाट बन्दाबन्दीको अवधिमा कार्यक्रम गर्न थप सहज भएको छ ।

**छ) दाङ्गमा तीन जना बालकहरुको कार भित्र भएको संकास्पद मृत्युका सम्बन्धमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउँदै प्रेस विज्ञप्ती जारी:** दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका वडा नं ६ स्वर्गद्धारी टोलका ३ जना बालकहरु हराए पश्चात खोजि गर्दा पनि नभेटिएपछि अभिभावकहरुले चार दिन अघि नै प्रहरीमा बालकहरु हराएको उजुरी समेत दर्ता गरिसकेको उल्लेख गरिएको छ । यसरी बालकहरु हराएको उजुरी समयमा नै हुदाहुदै पनि कारमा बालकहरुको शव गन्हाएको अवस्थामा भेटिएकोले यस घट्नाको सुक्ष्म तथा निष्पक्षरुपमा अनुसन्धान गरी दोषीउपर कानूनबमोजिम हदैसम्मको कारबाही गरी कानूनको शासन र न्यायको प्रत्याभुति दिलाउन ६ वटा संस्थाहरुले संयुक्त रुपमा सरकारसँग जोडदार माग गरेको थियो । यस सम्बन्धमा संघ, प्रदेश र सम्वन्धित स्थानीय सरकार लगायत सम्वन्धित प्रहरी कार्यालय तथा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय बाल अधिकार परिषद्को समेत ध्यानाकर्षण गराउँदै गृह मन्त्रालय, लुम्बिनी प्रदेश मुख्य मन्त्री, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय बाल अधिकार परिषद्लाई समेथ वोद्यार्थ दिदै प्रेस विज्ञप्ती जारी गरिएको थियो ।

**ज) महिला हिंसाका घटनाका पीडितहरुलाई उचित क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न आवश्यक पहलका लागि ध्यानाकर्षण :** सप्तरी जिल्ला, कल्याणपुर न.पा. वडा नं. ६ का धिरेन्द्र महासेठले सुजित शाहकी पत्नीलाई विभिन्न आरोप लगाई घरका सम्पूर्ण परिवार मिलि हिंसा गरेको विषय सार्वजनिक भएकोमा पीडक पक्षलाई हदैसम्मको कारबाही र पीडितको शारीरिक, मानसिक, स्वास्थ्य तथा सामाजिक समग्र पक्षको मूल्याङ्कन गरि क्षतिपूर्ति दिलाई सजाय दिलाउनका लागि आवश्यक पहलको माग गरी जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालयको ध्यानाकर्षण गराउदै ध्यानाकर्षण पत्र पेश गरिएको थियो ।

### ४.१.२ क्षमता विकास परियोजना अर्न्तगत सम्पन्न गतिविधिहरु र त्यसको प्रभावः

स्थानीय तहका निर्वाचित महिला जनप्रतिनिधिको क्षमता विकास तथा लैङ्गिक उत्तरदायी समावेशी सुशासन प्रवर्द्धन परियोजना संयुक्त राष्ट्रसंघको महिला सम्बन्धि नियोग युएन ओमनको आर्थिक सहयोगमा सुदूरपश्चिम प्रदेशको डोटी र कैलाली जिल्लाका ६ वटा स्थानीय तहहरुः दिपायल सिलगढी, शिखर, बडीकेदार, धनगढी, कैलारी र भजनीमा साउन २०७६ (अगष्ट २०१९) देखि सञ्चालनमा रहेको छ । यो परियोजनालाई छोटकरीमा क्षमता विकास परियोजना पनि भन्ने गरिएको छ । यो परियोनाको अवधि नोभेम्बर २०२१ सम्म रहेको छ । यो परियोजना संचालनका लागि जुरी नेपालले नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ संग सहकार्य गरेको छ । यो परियोजनाद्वारा आ.ब. २०७७/७८ मा संचालित मुख्य कृयाकलापहरु र उपलब्धिहरु निम्नानुसार रहेका छन् ।

**क) निर्वाचित महिला जनप्रतिनिधिहरुको क्षमता विकासः**

- यस अवधिमा सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका ५८ जना स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरुका लागि भूमिका तथा जिम्मेवारी सम्बन्धमा दुइ दिने ५ वटा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरीएको छ ।

- परियोजनाका ६ वटा स्थानिय तहका महिला जनप्रतिनिधिहरुका लागि महिलावादी नेतृत्व सम्बन्धमा परियोजनाका ३ दिवसीय २ वटा आवासीय र सो को २ दिवसीय २ वटा पुर्नताजगी तालिम प्रदान गरीएको छ ।
- त्यस्तै महिला जनप्रतिनिधी तथा स्थानीय महिला नेताहरुका लागि लैङ्गिक उत्तरदायी समावेशी सुशासन सम्बन्धमा २ दिवसीय ६ वटा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरीएको छ ।

हाल सम्म यी तालिम मार्फत १७२ जना निर्वाचित महिला जनप्रतिनिधिहरुले, महिलावादी नेतृत्व, समावेशी सुशासन, लैंगिकता, स्थानिय सरकार संचालन ऐन, लैङ्गिक उत्तरदायी बजेट, नेतृत्वका विभिन्न सिपहरु, पैरवी लगायतका विषयमा छलफल अन्तरक्रिया गरेका छन् । साथै यी तालिम मार्फत ४६ जना स्थानीय स्तरका अन्य विभिन्न राजनैतिक दलका महिला नेतृहरुले पनि क्षमता अभिबृद्धि गरेका छन् ।

यसका साथै प्रत्येक स्थानीय तहमा लैङ्गिक उत्तरदायी समावेशी सुशासन GRIG तालिम मार्फत सामुदायिक क्षेत्रमा कार्यरत १३५ जना महिला अगुवाहरुले महिलाबादी नेतृत्व, लैंगिकता, पैरवी, स्थानिय सरकार संचालन ऐन, अपांगता अधिकार आदिको विषयमा क्षमता अभिबृद्धि गरेका छन् ।

**ख) अन्तरक्रिया र पैरवी बैठकः** कोरोना भाइरस महामारीको अवस्थामा भौतिक रुपमा उपस्थित भई कार्यक्रम गर्न असहज भैरहेको अवस्थामा स्थानीय तहको जिम्मेवार पदमा रहेर विभिन्न भूमिका तथा जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न सवालहरु र समस्याहरु भोग्नु परिरहेको स्थितीमा अनलाइन जुम मार्फत सुदूरपश्चिम प्रदेशका उपप्रमुख तथा उपाध्यक्षहरुबीच लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम, समावेशी नीति, सूचनाको हक, कोरोना महामारीको समयमा चुनौति तथा समाधानका उपाय लगायतका विषयमा छलफल गर्न ४ वटा अनलाइन अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ । त्यस्तै वडास्तरका निर्वाचित महिला जनप्रतिनिधिहरुवीच भौतिक रुपमै २४ वटा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिएको छ । त्यस्तै २७ वटा द्वैमासिक बैठकसमेत आयोजना गरिएको छ । उक्त कार्यक्रमहरुमार्फत जनप्रतिनिधिहरुले विविध सूचना जानकारीको आदान प्रदान र छलफल गरी वडास्तरमा भाषणकलाको अभिमुखीकरण आवश्यक छ भन्ने कुरा राखेकाले भाषणकला सम्बन्धि प्रशिक्षण कार्यक्रम समेत स्थानीय स्तरमा संचालन गरिएको छ । जातीय विभेद, लैङ्गिक हिंसा, विभेदका कारण जग्गाको साँध सीमाना मिचेको, अन्तरजातीय विवाह लगायतका विषयमा यस बर्ष पनि ४ वटा पैरवी बैठकहरु गरी पिडित र उसको परिवारले न्याय पाएका छन् ।

**ग) पालिकाको समन्वय समितिका लागि क्षमता अभिबृद्धि तालिमः** डोटी र कैलाली जिल्लाका ६ वटै स्थानीय तहका अपाङ्गता समन्वय समितिका लागि अपाङ्गता भएका व्यक्तिहरुको हक, अधिकार, सेवा सुविधा तथा परिचयपत्र वितरण, संरचना र विविध व्यवस्थापन सम्बन्धि २ दिने तालिम आयोजना गरिएको छ । तालिममा सहजीकरणका लागि राष्ट्रिय अपाङ्ग महासंघबाट तालिम सहजकर्ताको व्यवस्था गरिएको थियो । तालिमका लागि स्थानीय तहको अपाङ्गता समन्वय समितिले सहभागी उपलब्ध गराएको थियो । तालिममा जम्मा ९५ जना (८ जना जनप्रतिनिधि, ३५ जना सेवा प्रदायक र २९ जना PWDs र २२ जना CBOs सदस्यहरु) सहभागी भएका थिए ।

**घ) निर्वाचित पुरुष जनप्रतिनिधि तथा सेवा प्रादयकका लागि लैङ्गिक उत्तरदायी समावेशी सुशासन सम्बन्धि तालिमः** परियोजनाका ६ वटा स्थानीय तहका निर्वाचित पुरुष प्रतिनिधि तथा कर्मचारीहरुका लागि

५ वटा लैङ्गिक उत्तरदायी समावेशी सुशासन तालिम सम्पन्न भएका छन् । तालिममार्फत १७४ जना (निर्वाचित पुरुष जनप्रतिनिधि ८३, कर्मचारी ९१ जनाले) लैङ्गिगकता, महिलाबाद, पितृसत्ता, समावेशी सुशासन, लैङ्गिक उत्तरदायी बजेट लगायतका विषयमा क्षमता अभिबृद्धि गरेका छन् ।

**ङ) अपाङ्गता अधिकार सम्बन्धि क्षमता अभिबृद्धि तालिमः** परियोजना क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, स्थानीय रुपमा उपलब्ध हुने सेवा सुविधा, पैरवी शीप, लगायतका विषय समावेश गरेर अपाङ्गता भएका व्यक्तिहरुका लागि यस अवधिमा ७ वटा तालिमहरु संचालन भएका छन् । सो तालिममार्फत ८४ (महिला ३५, पुरुष ४९) अपाङ्गता भएका व्यक्तिहरुले क्षमता अभिबृद्धि गरेका छन् । तालिम सहजीकरणका लागि राष्ट्रिय अपाङ्ग महासंघबाट प्रशिक्षकहरुको व्यवस्था गरिएको थियो ।

**च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः** परियोजनाले नीतिगत रुपमा नै समावेशी सुशासन प्रबर्द्धनका लागि सहयोग पुऱ्याउने उद्देश्यले ६ वटै स्थानीय तहमा समावेशी नीति र प्रदेश तहमा (सुदुर पश्चिम प्रदेश) दलित सशक्तिकरण विधेयक र समावेशी नीति बनाउनका लागि विज्ञद्वारा ड्राफ्ट तयार पारी उपलब्ध गराउने, छलफल कार्यक्रम आयोजना गर्ने लगायतका क्रियाकलाप संचालन गरिएको छ । परियोजना संचालनमा रहेका ६ वटा स्थानीय तहहरुमध्ये २ स्थानीय तहमा समावेशी नीति राजपत्रमा प्रकाशित भैसकेको छ भने ३ वटा स्थानीय तहका कार्यपालिकाबाट पारित भैसकेको छ । त्यसै गरी एउटा स्थानीय तहमा नीति मस्यौदा समितिमा छलफल भैरहेको छ । प्रदेशस्तरको दलित सशक्तिकरण विधेयक प्रदेशसभामा अन्तिम छलफलको क्रममा छ भने समावेशी नीति सामाजिक विकास मन्त्रालयको मस्यौदा समितिमा छलफलको क्रममा रहेको छ । नीतिको कार्यान्वयमा समेत सहयोग पुऱ्याउने उद्देश्यले आगामी अवधिमा स्थानीय स्तरमा अन्तरक्रिया बैठकको समेत आयोजना गर्ने कार्यक्रम रहेको छ ।

**छ) चालु आ. व २०७८/०७९ मा मानव अधिकार तथा लैङ्गिकमैत्री बजेट तथा कार्यक्रम तर्जुमाका लागि १० बुदे सुझाब पेश :** परियोजनाका क्रियाकलाप संचालनमा साझेदार रहेका स्थानीयस्तरका समुदायमा आधारित संस्थाहरु, अपाङ्गता भएका व्यक्तिका संस्थाहरु, महिला अधिकारसंग सम्बन्धित संस्था, सरोकारवाला, संचारकर्मीसमेतको सक्रियतामा यस बर्षको स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने कार्यक्रम र समावेशीताको दृष्टिकोणबाट प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी ६ वटै स्थानीय तह र प्रदेशमा समेत प्रत्येक स्थानीय तहमा १६ भन्दा बढी संस्थाहरुको संलग्नतामा सुझाव पेश गरिएको छ ।

**ज) १० वटा अपाङ्गता भएका व्यक्तिहरुको संस्थाहरुका लागि संस्थागत क्षमता अभिबृद्धि सहयोगः** परियोजना क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको १० वटा संस्थाहरुलाई संस्थागत क्षमता विकास सम्बन्धी कार्ययोजना अनुसार विविध काम गर्नका लागि प्रति संस्था १ लाख रुपैयाका दरले परियोजनाले आर्थिक सहयोग उपलब्ध गराएको छ । सो सहयोगबाट अपाङ्गता भएका व्यक्तिहरुका संस्थाले संस्थाको क्रियाशीलता, क्षमता अभिबृद्धिका लागि विभिन्न क्रियाकलाप संचालन गरेका छन् । संस्थाको आर्थिक प्रशानिक नियमावली, मानव स्रोत नियमावली लगायत नियमावलीको निर्माण संस्था नवीकरण तथा स्थानीय तह र प्रदेशबाट समेत बजेट प्राप्त गरी संस्थागत विकास तथा विभिन्न क्रियाकलाप गर्न सफल भएका छन् ।

**झ) १५० जना अपाङ्गता भएका महिलाहरुका लीग प्रत्यक्ष आर्थिक सहयोग**: कोभिड र लकडाउनका कारण प्रभावित हुन पुगेका परियोजना क्षेत्रका अति विपन्न अपाङ्गता भएका महिलाहरुलाई प्रति व्यक्ति रु १३,५०० देखि १६,५०० का दरले नगद सहयोग प्रदान गर्न दातासंग प्रस्ताव गरी अनुमति प्राप्त भएकोले स्थानीय तहसंगको सहकार्यमा अपाङ्गता भएको व्यक्तिहरुको छनौट गरी रकम उपलब्ध गराउन बैक खाता लगायत सम्पूर्ण आवश्यक तथ्याङ्क उपलब्ध गराइसकिएको छ । जम्मा रु. २१,१८००० रकम WFP ले Sept भित्र वितरण गर्नेछ ।

**ञ) अन्तरक्रिया बैठक:** परियोजना क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको संस्था, महिलाहरुको संस्था लगायत सरोकारवालाहरुसंग महिला दलित, पछाडी पारिएका बर्ग तथा अपाङ्गता भएका व्यक्तिहरुका विविध सवालहरुको सम्बन्धमा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिएको छ । यसका साथै ५ वटा संजालीकरण बैठकको समेत आयोजना गरी विभिन्न संस्थाहरुका बीच एकमत र एउटै बुझाई बनाइ पैरवीलई प्रभावकारी बनाउन सहयोग पुऱ्याइको छ ।

**ट) समुदायमा आधारित संस्थाहरुको क्षमता विकास:** यस आ.व.मा सामुदायिक संस्थाहरुसंग १३४ वटा सामुदायिक वैठक /REFLECT Session हरु सम्पन्न भएका छन् । २५ जना सामुदायिक संस्थाका प्रतिनिधिहरुका लागि परियोजनामार्फत तालिम प्रदान गरी तालिम प्राप्त सहजकर्ताहरुद्वारा कार्ययोजना तयार पारी स्थानीय रुपमा बैठकहरु संचालन गरिएको थियो । उक्त बैठकमार्फत २० वटा सामुदायिक संस्थाका ५६१ जना (महिला ४९२, पुरुष ६९) जसमध्ये दलित १९८ जना (महिला १७७, पुरुष २१) जनजाति १४९ (महिला १३२, पुरुष १७) अपाङ्गता भएका व्यक्ति ३५ (महिला १५, पुरुष २०) ब्राम्हण क्षेत्री तथा अन्य २१४ (महिला १८३, पुरुष ३१) जना सहभागीहरुले महिलाबादी नेतृत्व, लैङ्गिक उत्तरदायी समावेशी सुशासन, लैङ्गिक समानाता, पैरवी, स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, लैङ्गिक हिंसा तथा विभेद सम्बन्धि कानुनी प्रावधान लगायतका विषयमा छलफल गरेका तथा जानकारी प्राप्त गरेका छन् ।

यस अवधिमा २ वटा सामुदायिक संस्थाहरुले स्थानीय तहबाट आर्थिक सहयोग प्राप्त गरी कृषि तथा आय आर्जन सम्बन्धि विविध क्रियाकलाप संचालन गरिरहेका छन् भने थप ३ वटा समुदायिक संस्थाहरुले स्थानीय तहबाट उन्नत जातकिो बीउ बीजन प्राप्त गरेका छन् । यस अवधिमा २ वटा समुदायमा आधारित संस्थाहरुले क्षमता अभिबृद्धि गरी जिल्ला प्रशासन कार्यालयमा गैर सरकारी सामाजिक संस्थाको रुपमा दर्ता गरेका छन् । ५ वटा स्थानीय समुदायमा आधारित संस्थाहरुले कोरोना भाइरस महामारी सम्बन्धि जनचेतना कार्यक्रम तथा महिला तथा लैङ्गिक हिंसामा परेका व्यक्तिहरुका लागि पैरवी सम्बन्धि कार्य गरेका छन् भने १६ वटा समुदायमा आधारित संस्थाहरुले कोरोना भाइरस महामारीका कारण यस बर्ष स्थानीय तहको योजना तर्जुमा प्रक्रिया प्रभावित भएको अवस्थामा स्थानीय तहलाई बजेटमा समावेश गर्नुपर्ने विविध विषयमा सुझाव पेश गरेका छन् ।

**ठ) स्थानीय रेडियोसंगको सहकार्यमा रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण:** डोटी जिल्लामा रेडियो डोटी र कैलाली जिल्लामा रेडियो डेलिमेलसंगको सहकार्यमा महिलावादी नेतृत्व, छाउपडी, बालविबाह, अपाङ्गता अधिकार, दलित अधिकार, कोरोना महामारी लगायतका विषय समेटी ४८ वटा कार्यक्रम निर्माण गरी प्रशारण गरीएको छ । यसका साथै रेडियो लम्की टिकापुर र रेडियो डेलिमेल संगको समेत सहकार्यमा महिलाका लागि बजेट, मर्यादित महिनावारी, बालविबाह रोकथाम, लैङ्गिक हिंसा, महिलाको घरायसी कार्यबोझ लगायतका विषय समेटी रेडियो सन्देशहरु प्रशारण भैरहेको छ ।

**ड) गुनासो तथा उजुरीको व्यवस्थापनका लागि सहयोग :** स्थानीय तहमा गुनासो तथा उजुरीको व्यवस्थापनका लागि मस्यौदा कार्यविधि तयार पारिएको छ । सो कार्यविधि आगामी अवधिमा ६ वटा स्थानिय तहलाई हस्तान्तरण गरिनेछ ।

**ढ) महिलाको राजनीतिमा सहभागिता सम्बन्धि घोषणापत्रः** विज्ञ परामर्शदाताको संलग्नतामा स्थानीय स्तरमा कार्यक्रम आयोजना गर्दा प्राप्त सुझावहरुलाई पनि समेटी महिलाको राजनीतिमा सहभागीता सम्बन्धि कार्यपत्र तयार पारिएको छ । सो कार्यपत्र तयारीका लागि राष्ट्रियस्तरमा महिला राजनीतिज्ञहरुको सम्मेलन गरीएको थियो । सम्मेलनमा स्थानीय तह, प्रदेश, संघका माननीयहरु, महिला राजनीतिकर्मी, संचारकर्मी अधिकारमर्की लगायत १८५ जनाको सहभागिता रहेको थियो । सम्मेलनको प्रमुख सुझावहरु निम्नानुसार रहेका छन्:

*१. अर्थपुर्ण राजनीतिक सहभागिताका लागि सकरात्मक विभेदको सिद्धान्त लागु गर्न/गराउन कानुनी व्यवस्था अझ बलियो र प्रभावकारी बनाउनुपर्ने । संविधान, कानुन तथा नीतिमा भएका लैगिंकमैत्री व्यवस्थाको अनिवार्य लागु गर्नुपर्छ र अस्पष्ट भएका, छुटेका व्यङ्गवस्थाहरुलाई संशोधन गर्नुपर्छ, कानुनमा स्पष्ट र बाध्यकारी रुपमा लेखिनुपर्छ, तोकिनुपर्छ ।*

*२. ५० प्रतिशत महिला सहभागिता भएकोलाई मात्रै निर्वाचन आयोगले दल दर्ता गर्ने बाध्यकारी व्यवस्था बनाउनुपर्ने । यसमा दलित, जनजाती, मुस्लिम, मधेशी, पिछडा, अल्पसंख्यक, सिमान्तकृत, अपांगता भएका महिलाहरुको विविधतालाई सकरात्मक विभेदका आधारमा समेट्नुपर्छ ।*

*३.राजनीतिक दलभित्र अर्थपुर्ण समानुपातिक समावेशिता सुनिश्चितता गर्नुपर्‍यो । राजनीतिक दलभित्रका सबै भातृसंगठन, कमिटि, समितिमा, हरेक तह र संरचनामा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्छ । यसका लागि नीतिगत रुपमा स्पष्टरुपमा लेखिनुपर्छ ।*

*४. खर्चिलो चुनावी परिपाटीलाई निरुत्साहित गर्नुपर्ने, आर्थिक मितव्ययी बनाउनुपर्ने । दक्ष र योग्यहरुलाई नेतृत्व दिनुपर्छ ।*

*५.सबै महिलाहरु महिलाको मुद्दामा ऐक्यबद्धता भएर लाग्नुपर्ने ।*

*६. राजनीतिक दलले महिलालाई सहयोगी भन्दा पनि नेतृत्वमा भुमिका दिनुपर्ने र स्विकार्नुपर्ने । दलहरु लैङ्गिकमैत्री हुनुपर्ने । संघ, प्रदेश र स्थानीय तहमा ३३ प्रतिशत अर्थपुर्ण महिला सहभागिता सुनिश्चित गर्नुपर्ने । महिलाहरु आत्मनिर्भर भै प्रतिस्पर्धामा आउन सक्छु भनेर आत्मबल बनाएर आउनुपर्छ । मनोवैज्ञानिक रुपमा तयार हुनुपर्छ ।*

*७. भएका महिला नेतृत्व, दलित, जनजाती, मुस्लिम, मधेशी, थारु, पिछडा, अल्पसंख्यक, समानुपातिक, अपांगता भएका व्यक्ति लगायत लक्षित समुदायका राज्यले महिलाको क्षमता अभिवृद्धिमा लगानी गर्नुपर्ने । राजनीतिक प्रशिक्षण, कानुनी प्रशिक्षण र जागरण गराउनुपर्ने । संघ, प्रदेश र स्थानीय सरकारले महिलाको क्षमता विकास गर्नुपर्ने तथा आर्थिक शसक्तिकरण गर्नुपर्ने ।*

*८. प्रत्यक्ष निर्वाचनमा समेत महिलाको निर्वाचन क्षेत्रको आरक्षणको व्यवस्था गर्नुपर्ने ।*

*९. राष्ट्रिय महिला आयोगले अबको एक बर्षमा राजनीतिमा महिला सहभागितामा भए गरेको लगानी, प्राप्त उपलब्धि, समस्या चुनौती र अब गर्नुपर्ने कामहरु के छन् भन्ने लेखाजोखा गर्नुपर्छ ।*

*१०. यस्ता बहस र छलफलहरु निरन्तर भैरहनुपर्छ । राजनीतिक दलका पुरुष नेताहरुलाई ति बहस र छलफलहरुमा अनिवार्य उपस्थिती गराउनुपर्छ ।*

*११. राजनीतिक दलहरुले हिंसारहित समाज निर्माण गर्न पहल गर्नुपर्ने ।*

*१२. महिलालाई प्रविधिमैत्री सुचनामा पहुँचको व्यवस्था गराउनुपर्ने, आदि ।*

**ण) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि जानकारी पुस्तिकाः** अपाङ्गता भएका व्यक्तिहरुको स्थानीय तहमा उपलब्धय हुने सेवा सुविधा सम्बन्धि जानकारी उपलब्ध गराउने उद्देश्यले जानकारी पुस्तिका प्रकाशन गरी वितरण गरिएको छ । पुस्तिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि उपलब्ध हुने विविध सुविधा र प्राप्त गर्ने प्रक्रियाको उल्लेख गरिएको छ।

### ४.१.३ मानव अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरुको प्रभावकारीता सम्बन्धि परियोजनाका गतिविधिहरु र प्रभाव :

Open Society Policy Center (OSPC) को सहयोगमा सन् १ जुलाई २०१९ देखि ३० जुन २०२१ सम्मको अवधिको लागि संझौता भएको यस मानव अधिकार प्रवर्द्धनका लागि प्रभावकारी राष्ट्रिय मानव अधिकार संस्थाहरु परियोजना (Effective NHRIs for Advancing Human Rights Project) कोभिडका कारण ४ महिना म्याद थप भई १ जुलाईदेखि अक्टुवर २०२१ सम्म थपिएको छ । परियोजनाले कार्यक्रम सञ्चालनका लागि विभिन्न स्थानीय तह र राष्ट्रिय तहबाट स्वीकृति लिई गतिविधीहरु सुरु गरेको र गत श्रावण १, २०७७ देखि असार मसान्त सम्मको एक आर्थिक वर्षमा परियोजनाले गरेका गतिविधिहरु यस प्रकार रहेका छन्:

**परियोजनाले आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न गरेका क्रियाकलापहरु :**

**(क) राष्ट्रियस्तरको अर्न्तक्रिया कार्यक्रमः** यस आर्थिक बर्षमा मानव अधिकार संस्थाहरुको भूमिका, कार्यादेश र चुनौतिहरुका विषयमा राष्ट्रिय अन्तरक्रिया कार्यक्रम २०७८ असार ६ गते (तद्नुसार २० जुन २०२१) मा जुममार्फत गरिएको थियो । जसमा ३३ जना (१८ पुरुष/१५ महिला) संघ संस्थाका प्रमुख, मानव अधिकारकर्मी, पत्रकार एवं संवैधानिक आयोगका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । जसमा मानव अधिकारको अवस्था, हाल संवैधानिक आयोगहरुले गरेको कार्यहरु र सिफारिस कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरिएको थियो । सहभागीहरुले आयोगले दिएको सिफारिस कार्यान्वयनको अवस्थामा सुधारको खाँचो औल्याएका थिए । कार्यक्रममा मानवअधिकार आयोगका वकालत तथा प्रवर्द्धन महाशाखा प्रमुख दिपेन्द्र बहादुर सिंहले आयोगहरुको वर्तमान अवस्था र सिफारिस कार्यान्वयनको अवस्था समबन्धी कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो ।

**(ख) प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रमहरुः** यस अवधिमा मानव अधिकार संस्थाहरुको अवस्था, कार्यादेश र चुनौतिहरुका विषयमा २०७७ मंसिर २६ गते (११ डिसेम्वर २०२०) र २०७७ माघ २८ गते (१० फेव्रुअरी २०२१) मा क्रमशः २ नं. प्रदेश र लुम्बीनी प्रदेशमा गरी दुई वटा प्रदेशस्तरीय अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् । जसमा क्रमशः २ नं प्रदेशमा ३२ (पुरुषः२४ महिलाः८) जना र लुम्बीनी प्रदेशमा ३२ (पुः१४ मः२१) जना गरी कुल जम्मा ६४ जना अन्तरक्रियाबाट लाभान्वित भएका थिए । जसमा प्रदेशका राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश कार्यालय प्रमुख, मधेशी आयोगका माननीय अध्यक्ष र नागरिक अधिकारकर्मी एवं विभिन्न संघ संस्थाका प्रमुखहरु कार्यक्रमबाट लाभान्वित भएका थिए । कार्यक्रममा मानव अधिकारको अवस्था र संवैधानिक आयोगको काम, कर्तव्य र अधिकारका विषयमा छलफल गरिएको थियो ।

**(ग) सम्वाद तथा परामर्श कार्यक्रमः** लक डाउनमा मानव अधिकार र संवैधानिक आयोगहरुको अवस्था, क्षेत्राधिकार, भूमिका सम्बन्धी ६ वटा परामर्श/छलफल/संवाद/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् ।

जसमा संवैधानि संकट र मानव अधिकार सम्बन्धि संवाद, लकडाउनमा मानव अधिकारको अवस्था र संवैधानिक आयोगको भूमिका विषयक अन्तरक्रिया, संवैधानिक नियुक्ति प्रक्रिया, मानव अधिकार, संवैधानिक संकट र चुनौतिहरु सम्बन्धि समसामयिक अन्तरक्रिया सम्पन्न भएको थियो । जसमा २ वटा प्रत्यक्ष र ४ वटा भर्चुअल रुपमा सम्पन्न भएका थिए । उक्त कार्यक्रममा कुल जम्मा २८३ जना सहभागीहरु लाभान्वित भएका थिए । कार्यक्रममा संवैधानिक आयोगका प्रमुख, सचिव, शाखा प्रमुख, कर्मचारी, मानव अधिकार सम्बन्धि संघ संस्थाका प्रमुख, पत्रकार र नागरिक समाजको उपस्थिति रहेको थियो । कार्यक्रममा संवैधानिक आयोगहरु पेरिस सिद्धान्त बमोजिम गठन गरिनुपर्ने, नियुक्ति प्रक्रिया छिटो र नियमसंगत हुनुपर्ने, संवैधानिक संकट कतैबाट हुन नदिन सबैले आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने र मानव अधिकार उल्लंघनका घटना कम गर्न सबै सहभागीहरुले सुझाव दिएका थिए ।

**(घ) मानव अधिकार संस्थाहरुमा जवाफदेहीता अभिवृद्दिका लागि नीतिगत र प्राविधिक सहयोगः** परियोजनाले यस आ.व मा ४ वटा संवैधानिक आयोगहरु (राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग) को ऐनको विद्यमान अवस्था र परिमार्जनका लागि आवश्यक सुझाव सहित समिक्षा गरेको थियो । कानुनविद्द्धारा गरिएको उक्त समीक्षामा हाल ती आयोगहरुमा भैरहेका ऐनमा थप सुधारका लागि महत्वपूर्ण तीन महले सुझाव सहित सम्बन्धित आयोगमा कार्यान्वयनका लागि पेशा गरिएको थियो । ती आयोगहरुले यस विषयलाई गम्भीर रुपमा लिई आवश्यकता अनुसार कार्यान्वयनमा लैजाने प्रतिवद्धता जनाएको र आयोगहरुले हालको वार्षिक प्रतिवेदनमा परियोजनाले पठाएका बुँदाहरु पनि समावेश गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई पठाएको देखिन्छ ।

**(ङ) सार्वजनिक सरोकारका मुद्दा दायरी र प्रतिरक्षाः** परियोजनाले यस अवधिमा ३ वटा सार्वजनिक सरोकारका मुद्दाको मस्यौदा तयार गरी सर्वोच्च अदालतमा २ वटा मुद्दा दर्ता गरेको छ । जस अन्तर्गत स्वास्थ्य सेवा अन्तर्गत सामुदायिक स्कुलमा नर्सिङ नियुक्ति गर्दा समावेशी सिद्धान्तको प्रतिकुल नियुक्ती गरिएकोले स्वास्थ्य मन्त्रालयद्धारा जारी नर्सिङ कार्यविधि सच्चाउदै समावेशी ढंगबाट नियुक्ति गर्न माग गर्दै दर्ता गरिएको थियो । त्यसैगरी अर्को मुद्दा अपांगता भएका व्यक्तिलाई संविधानले दिएको अधिकारलाई नियमावलीले कटौति गरेकोले संविधानसँग बाझिने नियमावलीका ती प्रावधान वदरको माग गर्दै सार्वोच्चमा दर्ता गरिएको थियो । उक्त पहिलो मुद्दामा सर्वोच्चले अग्राधिकार सहितको कारण देखाउ आदेश जारी गरेको र दोस्रो मुद्दामा सर्वोच्चमा रिट दर्ता भएको र पहिलो पेशीमा पालो नआएकोले दोस्रो पेशी २०७८ असोज १ गतेका लागि तोकेको छ । साथै दुवै मुद्दामा फलोअप भैरहेको छ । त्यसैगरी छुवाछुत सम्बन्धि मुद्दाको थुनामा राखि अनुसन्धान गर्ने हदम्याद २५ दिनसम्म भएपनि दोषिलाई एकदमै कम समय मै थुनामुक्त गराउने परिपाटी हाल विद्यमान रहेकोले अन्य अपराधमा झै हदम्याद थपको माग गर्दै रिट दर्ताका लागि अन्तिम मस्यौदा लेखन कार्य सम्पन्न भैसकेको र चाडै नै सर्वोच्चमा दर्ताका लागि काम भैरहेको छ ।

**(च) क्षमता अभिवृद्धि सम्बन्धी आवाशीय कार्याशालाः** परियोजनाले यो अवधिमा मानव अधिकार आयोगसँगको सहकार्यमा सबै संवैधानिक आयोगहरुका शाखा अधिकृतस्तरका कर्मचारीहरु र नागरिक समाजका प्रमुखहरुलाई दुई दिने आवासीय कार्यशाला २०७७ फागुन २६ र २७ गते (सन् ९ र १० मार्च २०२१) मा सम्पन्न गरेको थियो । गोदावरीको होटल भ्यू भृकुटीमा मानव अधिकार संस्थाहरुको कार्यक्षेत्र, कार्यादेश र भूमिका सम्बन्धी उक्त कार्याशालामा अधिकारमुखी आयोगहरुसँग सम्बन्धित उठेका सवाललाई सम्बोधनका लागि सम्बन्धित आयोगमा पेश गरिएको थियो । त्यसैगरी मानव अधिकारसँग सम्बन्धित समस्याहरुमा केन्द्रित भएर विभिन्न संस्थाहरुको संयुक्त छलफल/वैठकहरु सञ्चालन गरी संयुक्त ध्यानाकर्षण पत्र पठाइएको थियो ।

**(छ) सञ्चार अनुगमन र प्रतिवेदन सार्वजनिकीकरणः** यस अवधिमा कोरोना महामारीले विभिन्न निर्धारित कार्यक्रमहरु सम्पन्न गर्न नसकेपनि थप समसामयिक कार्यक्रमहरु गरिएको थियो । जसमा लकडाउनको

पछिल्लो ६ महिना अवधिमा मानव अधिकार उल्लंघनका घटनाको मिडिया मनिटरिङ गरि रिपोर्ट तयार गरी मानव अधिकार उच्चस्तरीय अनुगमन समितिमा पेश गरिएको थियो । यसैगरी लकडाउनको अवधिमा कोभिडसँग सम्बन्धित ऐन नियमहरु कतिको कार्यान्वयनमा आए भन्ने विषयम अध्ययन गरी सरोकारवालाहरुलाई जानकारी गराइएको थियो । समग्रमा लकडाउनमा मानव अधिकारको अवस्था कस्तो रहयो भन्ने विषयमा  प्रष्ट पार्ने काम गरेको थियो ।

**(ज) नटुवा समुदायको अवस्था सम्बन्धी अध्ययनः** राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय दलित अयोगसँगको सहकार्यमा कपिलवस्तुको सुद्दोधन र मायादेवी गाउँपालिकामा रहेका नेटुवा समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको अवलोकन, अनुगमन गर्ने कार्य भएको थियो । राष्ट्रिय दलित आयोगका माननीय सदस्य श्री मेहेले पार्की र राष्ट्रिय मानव अधिकार आयोगका बुटवल प्रदेश कार्यालय प्रमुख सहितको टोलीले गरेको अनुगमनका क्रममा नटुवा समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धि थुप्रै समस्याहरु देखिएको तत्काल थप अध्ययन गरी सम्बोधन गर्न प्रतिवेदन सहित सरोकारवालाहरुलाई जानकारी गराइएको थियो ।

समग्रमा यो अवधिमा केन्द्र र प्रदेशमा गरी कुल जम्मा १९ वटा क्रियाकलापहरु सम्पन्न भएका छन् । जसमा दुईवटा सार्वजनिक सरोकारका मुद्धा सर्वोच्चमा दायर भएको, चारवटा संवैधानिक आयोगको कानुन समीक्षा गरि सम्बन्धित आयोगमा पेश गरिएको, ४ वटा मानव अधिकार सम्बन्धि आयोगहरुको भूमिका, कार्यादेश र चुनौतिहरु सम्बन्धि अन्तरक्रिया सम्पन्न गरिएको, दुई वटा मानव अधिकारको अवस्था र सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धि अन्तरक्रिया/संवाद, एउटा संवैधानिक आयोगहरुको कार्यादेश र क्षेत्राधिकार सम्बन्धि आवासीय कार्याशाला सम्पन्न गरेको छ । यसैगरी कोभिडसँग सम्बन्धित सरकारले बनाएका कानुनहरुको कार्यान्वयनको अवस्थासम्बन्धी समीक्षा, कोभिडको पछिल्लो समयमा मानव अधिकारको अवस्थासम्बन्धी मिडिया अनुगमन, नेटुवा समुदायको मानव अधिकारको अवस्थासम्बन्धि संयुक्त अनुगमन गरी महान्यायधिवक्ता कार्यालयमा पेश, संवैधानिक आयोगहरुको कार्यादेश, कार्य र चुनौतिहरु सम्बन्धि राष्ट्रिय अभिमुखीकरण जस्ता कार्यहरु गरेको यस अवधिमा सम्पन्न गरेको छ । यो अवधिमा योजना गरेको कुलजम्मा वजेट रु ४५,३९,५०३.४७ मध्ये रु ३४,९९,४१७.०३  रकम (७७ प्रतिशत) खर्च भएको छ भने कार्यक्रमका हिसावले हेर्दा लगभग ९५ प्रतिशत कार्यक्रमहरु सम्पन्न भएको छ । यस अवधिमा जम्मा ३७६ (जसमध्ये २४३ पुरुष र १३३ महिला) जना यस परियोजनाको गतिविधिमा संलग्न भइ लाभान्वित भएका छन् ।

## ५. यस आ.व.मा महशुस गरिएका मुख्य चुनौतीहरु

यस अवधिको मुख्य चुनौतिको रुपमा कोरोना भाइरस (कोभिड-१९) ले श्रृजना गरेको लकडाउन र यसले श्रृजना गरेको भौतिक उपस्थितिको अभाव मुख्य चुनौतिको रुपमा रह्यो ।  खासगरी प्रत्यक्षरुपमा भेटघाट गरी सम्पन्न गर्नुपर्ने र सामुदायिक तहमा २५ जनाको संख्या भन्दा माथि जम्मा भई गर्नुपर्ने कार्यक्रमहरुमा नकारात्मक प्रभाव परेको छ ।

## ६. यस आ.व.मा सिकिएका पाठहरु

यस आ.व. मा देखापरेको कोभिडको संक्रमणले श्रृजना गरेको अवस्थासँग सामना गर्नका लागि विभिन्न सिकाइहरु समेत रहे । यस अवधिमा डिजिटल प्रविधिको माध्यमबाट विभिन्न स्थानमा रहेका सरकारका प्रतिनिधि र स्थानीय साझेदार तथा लक्षित वर्गसम्म पुग्न सहज माध्यमको रुपमा जुम तथा स्काइपमार्फत

अपेक्षा गरिएभन्दा बढी नै छलफल तथा अर्न्तक्रिया र सहकार्यका कार्यहरु पनि यसै अवधिमा सम्पन्न भए । सम्भवतः प्रत्यक्ष भेटघाटको अवस्थामा ती अभियानहरु सञ्चालन गर्न प्रायस असम्भव हुने देखिएतापनि भर्चुअल प्रविधिको अत्यधिक प्रयोगमार्फत सहकार्यका प्रयासहरु कम खर्चमा नै धेरै गतिविधिहरु गर्न सम्भव भयो । त्यसका साथै संस्थाका सदस्य, परियोजनाका पदाधिकारी र कर्मचारीहरु डिजिटल प्रविधिको प्रयोगमा अभ्यस्त तथा प्रशिक्षित हुनु पनि यस अविधको मुख्य सिकाइको रुपमा लिन सकिन्छ ।

कोरोना महामारीले निम्त्याएको यस जटिल परिस्थितीले सिर्जना गरेको चुनौतीको सामना गर्न परियोजनाले अनलाइन प्रविधिलाई विकल्पको रुपमा प्रयोग गर्दै आएको छ । यसले विकल्पहरुको खोजि गर्दै आवश्यक र उपयुक्त व्यवस्थापन गर्नको लागि पाठ सिकाएको छ भने अवशरहरु समेत श्रृजना गरेको छ ।  त्यसैगरी परिस्थितीका कारण संस्थागत रुपामा अपाङ्गता अधिकारमा काम गर्ने ज्ञान, सिप र अनुभवहरु पनि अभिबृद्धि भएको छ ।

## ७. जुरी-नेपाल र यसका परियोजना अन्तर्गतका आगामि बर्ष २०७७/०७८ का लागि प्रस्तावित कार्यक्रमहरु

### क. संस्थागत सुधारतर्फ

१. संस्थाका विद्यमान नीति तथा निर्देशिकाहरुको समिक्षा गरी अद्यावधिक गरिने छ ।
२. नेपाल सरकार, प्रदेश र स्थानीय तहसंगको सम्बन्ध अझ बलियो बनाउँदै रणनीतिक साझेदारीको विकाश गरिने छ ।
३. संस्थामा नेतृत्व र क्षमता विकाशका लागि आवश्यक बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने र आन्तरिकरुपमा समेत मेन्टरिङ्ग गरिने छ ।
४. संस्थाको क्रियाशिल सदस्यताको सम्बन्धमा स्पष्ट मार्ग अवलम्बन गरिने छ ।
५. बिभिन्न दातृ निकायसंगको सहकार्यतामा संस्थाको पहुँचलाई विस्तार गर्न पहल गरिने छ ।
६. सार्वजनिक सरोकारका मुद्दा, सञ्जालहरुको विस्तार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धन तथा संघीय संविधान कार्यान्वयनका क्षेत्रमा रणनीतिक कार्यक्रमको सञ्चालनको लागि पहल गरिने छ ।
७. संस्थाको कार्य समिति र कर्मचारीलाई थप जिम्मेवार बनाउनको लागि जिम्मेवारी बाँडफाँड गरी कार्य सञ्चालन गरिने छ ।
८. बिभिन्न सञ्जालहरुमा आवद्धता र आवश्यकता अनुसार नेतृत्व गर्ने कुरामा विशेष पहल गरिने छ ।

### ख. मानवीय मर्यादा प्रवर्द्धन परियोजना

**१. विद्यमान कानून तथा नीतिको समीक्षा :** परियोजनामा उल्लेख भएबमोजिम आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, भूमी, आवास) र सामाजिक समावेशीकरण ( सिमान्तकृत समूदायको हकहित, जातीय विभेद तथा छुवाछुत अन्त्यसम्वन्धी, बालविवाह तथा लैंगिक न्याय) सम्वन्धी नीति तथा कानूनको समीक्षा गर्नुका साथै सरकारको सम्वन्धित निकायमा पेश गर्ने कार्यक्रम तय गरिएको छ ।

**२. सार्वजनिक सरोकारका मुद्दाको निरन्तरता तथा पैरवी :** यस परियोजना अर्न्तगत तथा जुरी नेपालको तर्फबाट दायर गरिएका विभिन्न सार्वजनिक सरोकारका मुद्दामा नियमित बहस पैरवी गर्नुका साथै नयाँ मुद्दाको पहिचान गरी सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्ने कार्यलाई समेत यस वर्षपनि निरन्तरता दिइनेछ ।

**३. स्थानीय सरकार तथा साझेदार संस्थाको क्षमता अभिवृद्धि :** परियोजना लागु भएका स्थानीय सरकार र जुरीका साझेदार संस्थाहरुको संस्थागत हित तथा विकास र आर्थिक तथा सामाजिक अधिकार, लैङ्गिक तथा यौनजन्य हिंसा तथा महिला हिंसा अन्त्य गर्न, लैङ्गिक समानता कायम गर्न, बालविवाह जस्ता समाजमा रहेका कुरिती तथा कुप्रथाको अन्त्य गर्न, सामाजिक समावेशीकरणका क्षेत्रमा नीतिगत तथा प्राविधिक सहयोग, क्षमता विकासका क्षेत्रमा कार्य गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी विजयनगर गाउँपालिकालाई मानव अधिकारको दृष्टिकोणवाट नमूना गाउँपालिका घोषणा गर्ने कार्यमा समेत गा.पा. र इन्द्रेणी ग्रामिण विकास केन्द्रसँग सहकार्य गर्ने लक्ष्य राखिएको छ ।

**४.नागरिक हकहितको क्षेत्रमा वकालत तथा पैरवी** : यस आ.व.मा नागरिक अधिकार तथा सामाजिक संघसंस्थामैत्री वातावरण र कानून तथा नीतिको वकालतका लागि लक्षित गतिविधिहरु सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

**५. साझेदार संस्था तथा स्थानीय सरकारसँग सहकार्य र सहयोग :** यस अर्न्तगत यस आ.व.मा जुरीका साझेदार संस्था तथा स्थानीय सरकारका प्रतिनिधि तथा कर्मचारीको मानव अधिकार प्रवर्द्धनका क्षेत्रमा क्षमता विकास गर्नुका साथै विभिन्न गतिविधिहरु संयुक्तरुपमा सञ्चालन गर्नुका साथै नीति निर्माणको प्रक्रियामा सरकारहरुलाई प्राविधिक सहयोग उपलव्ध गराउने लक्ष्य पनि रहेको छ ।

**३. स्थानीय सरकार तथा साझेदार संस्थाको क्षमता अभिवृद्धि :** परियोजना लागु भएका स्थानीय सरकार र जुरीका साझेदार संस्थाको संस्थागत हित तथा विकास र आर्थिक तथा सामाजिक अधिकार, सामाजिक समावेशीकरणका क्षेत्रमा नीतिगत तथा प्राविधिक सहयोग, क्षमता विकासका क्षेत्रमा कार्य गर्ने लक्ष राखिएको छ । त्यसैगरी बिजयनगर गाउँपालिकालाई मानव अधिकारको दृष्टिकोणवाट नमूना गाउँपालिका घोषणा गर्ने कार्यमा समेत गा.पा. र इन्द्रेणी ग्रामिण विकास केन्द्रसँग सहकार्य गर्ने लक्ष्य राखिएको छ ।

**४.नागरिक हकहितको क्षेत्रमा वकालत तथा पैरवी** : यस आ.व.मा नागरिक अधिकार तथा सामाजिक संघ संस्थामैत्री वातावरण र कानून तथा नीतिको वकालतका लागि लक्षित गतिविधिहरु सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

**५. जुरीको संस्थागत विकास तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा कार्य गर्ने** : यस आ.व.मा पनि विगतमा जस्तै जुरीको संस्थागत हकहित तथा विकासका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा कार्य गर्नुका साथै संस्थागत वेभसाइट र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालका गतिविधिहरुलाई ESCR Web Portal मार्फत यस क्षेत्रको वकालतमा अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ

। साथै यसको अलावा विभिन्न नागरिक संघसंस्थाहरुसँगको सहकार्यमार्फत मानव अधिकार र विशेष गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत सामाजिक न्याय तथा लैंगिक न्याय प्रवर्द्धन गर्ने गतिविधिहरुमा विभिन्न नागरिक संघसंस्थासँग सहकार्य र समन्वय गरिनेछ ।

**६. जुरीको संस्थागत विकास तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा कार्य गर्ने** : यस आ.व.मा पनि विगतमा जस्तै जुरीको संस्थागत हकहित तथा विकासका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा कार्य गर्नुका साथै संस्थागत वेभसाइट र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालका गतिविधिहरुलाई ESCR Web Portal मार्फत यस क्षेत्रको वकालतमा अभिवृद्धि गर्ने लक्ष राखिएको छ । साथै यसको अलावा विभिन्न नागरिक संघसंस्थाहरुसँगको सहकार्यमार्फत मानव अधिकार र विशेष गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत सामाजिक न्याय तथा लैंगिक न्याय प्रवर्द्धन गर्ने गतिविधिहरुमा विभिन्न नागरिक संघसंस्थासँग सहकार्य र समन्वय गरिनेछ । साथै जुरीका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रमलाई समेत निरन्तरता दिइनेछ । अन्त्यमा आर्थिक वर्ष २०७७/०७८ मा मानवीय मर्यादा प्रवर्द्धन परियोजना (दोश्रो चरण) का गतिविधिअन्र्तगत प्रत्यक्ष रुपमा लाभान्वितहरुको जम्मा संख्या ३,३३४ मध्ये महिलाः १,५५८ र पुरुषः १,७७६, जातिगत रुपमा दलितः ४४४, जनजातिः १,०८८ र अन्य (बाहुन,क्षेत्री, ठकुरी र सन्यासी): १,८०२ रहेका थिए । यसमध्ये जुरी-नेपालले प्रकाशन गरेका सामाग्री प्राप्त गर्नेको संख्या २,२५८ रहेको छ । कार्यक्रमको विस्तृत विवरण अनुसूचि खण्डमा समावेश गरिएको छ । *हेर्नुहोस् अनुसूचि ३*।

## ग. क्षमता विकाश परियोजना

१. परियोजनाका ६ वटा स्थानीय तहमा डिजिटल साक्षरता सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयनका लागि स्थानिय तह र प्रदेश सरकार संग ४ वटा अन्तरसम्बाद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४.परियोजनाको सल्लाहकार समितिको बैठकहरु आवश्यकता अनुसार सञ्चालन गरिनेछ ।
५.अपांगता भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधि तथा सेवा प्रदायकलाई १ दिने तालिम सञ्चालन गरिने छ ।
६.मस्यौदा गुनासो तथा उजुरी व्यवस्थापन कार्यविधिमा स्थानिय तहका सरोकारवालाहरु संग छलफल तथा हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।
७. महिला अधिकारसंग सम्बन्धित कानूनहरुको समिक्षा गरी अध्ययन प्रतिवेदन तयार पार्दै एउटा बृहद मसौदा तयार पारी संघीय संसदबाट पारित गर्ने प्रकृयामा सहजीकरण गरिने छ ।
८. परियोजनाको सफलता तथा प्रगतीका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुवीच उनिहरुको बुझाईका सम्बन्धमा सर्वेक्षण गरिने छ ।
९. महिला अधिकार सम्बन्धमा बिभिन्न शिक्षा मुलक सामाग्रीहरुको प्रकाशन र वितरण गरिने छ ।
१२. परियोजनाको अन्तिम प्रतिवेदन तयार गरी साझेदार संस्थालाई बुझाईनेछ ।

**घ. मानव अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरुको प्रभावकारीता सम्बन्धि परियोजना**

१. मानव अधिकारको अवस्था आंकलन र आयोगका सिफारिस कार्यान्वयका सन्दर्भमा राष्ट्रियस्तरको अन्तरक्रिया सञ्चालन गरिनेछ ।

२. लुम्बिनी प्रदेशमा मानव अधिकार संस्थाहरुको भूमिका, कार्यादेश र चुनौतिहरु विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी मानव अधिकार संजाल निर्माणमा सहयोग गरिने छ ।

३. सार्वजनिक सरोकार र मानव अधिकारको सवालमा सर्वोच्च अदालत वा अन्य सम्बन्धित अदालतहरुमा मुद्दा दायर गरी निरन्तर प्रतिरक्षा गरिनेछ ।

४. थारु आयोगलाई प्राविधिक सहयोग स्वरुप आयोगसम्बन्धी जानकारीमुलक पुस्तिका तयार पारी वितरणमा समेत सहयोग गरिनेछ ।

५. राष्ट्रिय मानव अधिकार संस्थाका सिफारिस कार्यान्वयका लागि नागरिक संस्थाहरु, प्रधानमन्त्री कार्यालयको मानव अधिकार विभागसँग गोलमेच/छलफल गर्ने र कार्यान्वयनका लागि थप पहल गर्ने, समन्वय एवं छलफल सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६. संघीय व्यवस्थापिकाका माननीय सांसदज्यूहरु, मानव अधिकारकर्मी र पत्रकारहरुसँग मानव अधिकार आयोग र अन्य आयोगले दिएको सिफारिस कार्यान्वयनको विषयमा छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

७. राष्ट्रिय दलित आयोगमा उजुरी सुनुवाई निर्देशिका तयारीमा प्राविधिक सहयोग गरिने छ ।

८. परियोजनाको प्रगतिका बारेमा सरोकारवालाहरुसँग समीक्षाका गर्ने र परियोजनाको समग्र उपलब्धी सम्बन्धी प्रतिवेदन बनाई प्रकाशन गरिनेछ ।

९. संवैधानिक अधिकारमुखी आयोगहरुमा रिफरल सिस्टम र एमओयुको विकास गरी सम्बन्धित आयोगहरुलाई कार्यान्वयनका लागि पहल गरिनेछ ।

**ङ.. स्थानीय जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम :**

सुदुर पश्चिम र लुम्बिनी प्रदेशमा संघियतालाई सहयोग गर्ने उद्देश्यले सञ्चालित यु.एस.ए.आई.डी.को संघीयता कार्यान्वयनका लागि सहयोग गर्ने साझेदारीको सहयोग र सहकार्यमा सञ्चालन गरिने यो कार्यक्रम दुई प्रदेशका १० वटा पालिकाहरुमा विभिन्न किसिमका क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । १६ अगष्ट, २०२१ मा एक संझौता भै हाललाई करिव ८ महिनाको लागि जुरी नेपालले बिज्ञ संस्थाको रुपमा कार्यक्रम सहजिकरणका लागि संझौता भएको छ । यस कार्यक्रमको सम्पूर्ण कार्यक्रम खर्च दातृ निकायले आफ्नै श्रोत र पद्दतिवाट सञ्चालन गर्नेछन् भने जुरी नेपालले प्राविधिक जनशक्ति उपलव्ध गराएवापत त्यसका लागि आवश्यक जनशक्ति र संस्थागत खर्चको रकम उपलव्ध गराउने गरी सझौता भएको छ । यस अर्न्तगत २ वटा प्रदेशहरु (सुदुर पश्चिम र लुम्बिनी प्रदेश) का ५ जिल्ला भित्रका १० वटा स्थानिय निकायहरुमा कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम लुम्बीनी प्रदेश अन्तर्गत दाङ जिल्लाको तुलसीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र दंगिशरण गाउँ पालिकामा सञ्चालित हुनेछ । त्यसैगरि सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलालीको धनगढी उप-महानगरपालिका र गौरीगंगा नगरपालिका, कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका र पुनरवास नगरपालिका, डोटीको शिखर नगरपालिका र दिपायल शिलगढी नगरपालिकाको साथै बझाङ जिल्लाको बित्थडचिर नगरपालिकामा सञ्चालनमा रहनेछ । यो कार्यक्रम महिलाहरुको नेतृत्व विकासमा केन्द्रित रहनेछ । खास गरि यस परियोजना मार्फत निम्न गतिविधिहरुमा जुरी नेपालले संयोजन र सहजिकरण गर्नेछः

१. जम्मा २२० जना प्रतिस्पर्धि महिला तथा पुरुषहरुको नेतृत्वदायि क्षमता विकास गर्ने,

२. महिला नेतृहरुको एउटा खुल्ला नेटवर्क ( Leadership Lab) को विकास गर्ने,
३. नेपालको संविधान, ऐन, कानूनमा महिला अधिकारका वारेमा भएका व्यवस्थाहरुको जानकारी गराउने,
४. पालिकाहरुमा रहेका न्यायिक समितिहरुको क्षमता अभिबृद्धिमा सहजिकरण गर्ने र
५. पालिका तथा प्रदेश तहमा नीति सम्वादका कार्यक्रमहरु सञ्चालन गर्ने ।,

**च. विपद् व्यवस्थापनसम्वन्धी विद्यमान कानूनको समीक्षा र प्राविधिक सहयोगः**

यु.एन.डि.पी.को पि.एस.पी.कार्यक्रम अर्न्तगत जुरी नेपालले बागमती प्रदेशको राज्य व्यवस्था समितिलाई विपद् व्यवस्थापन सम्वन्धी विद्यमान संघीय, प्रदेश र स्थानीय तहका कानूनको समीक्षा गरी सुझाव पेश गर्ने र विपद् व्यवस्थापन सम्वन्धी प्रदेश तहको रणनीतिको मस्यौदा तयार गरी राज्य व्यवस्था समितिलाई उपलव्ध गराउने कार्यक्रम तय गरिएको छ । त्यसैगरी विपद व्यवस्थापन सम्बन्धमा प्रदेश नं. २ को सम्बन्धित प्रदेश मन्त्रालय तथा सभाको समितिलाई समेत विशेषज्ञ सेवा उपलव्ध गराउनेछ । यसका लागि दुईजना बिज्ञ परामर्शदाताले राज्य व्यवस्था समितिका सदस्य, बागमती प्रदेश सभाका अन्य समितिका सदस्यहरु र प्रदेश नं. २ संग समेत परामर्श गरी दुबै मस्यौदा उपलव्ध गराउने लक्ष राखिएको छ ।

**<u>अन्त्यमा</u>**

हालसम्म जुरी-नेपालसँग सहकार्य गर्ने तथा जुरीलाई सहयोग गर्नुहुने सबै सरकारी निकाय तथा विकासका साझेदार संस्थाहरु IM Swidish Develpment Partner, UNWOMEN, Alliance for Social Dialogue (ASD), USAID/ Sajhedari-Support to Federalism (STF), UNDP, एवं अन्य दातृ निकाय एवं साझेदार संस्था, नागरिक समाज, संचारकर्मी एवं सहयोगी र शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दै जुरी-नेपालको संस्थागत विकास तथा परियोजना संचालनका लागि सहयोग गर्नुहुने सबै परामर्शदाता, विषय बिशेषज्ञ तथा कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु । साथै बार्षिक प्रतिवेदन तयारीका लागि बिशेष सहयोग गर्नुहुने सबै साथीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।



अधिवक्ता रुकमणी महर्जन
महासचिव, जुरी- नेपाल
३ असोज, २०७८